जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ३१० • २०८२ साल चैत २६ गते बिहीबार (9 April, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

# देउवा दम्पतीविरुद्ध रेड नोटिस जारी



**टुडे समाचारदाता**

काठमाण्डु । पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा, उनकी पत्नीसमेत रहेकी पूर्वपरराष्ट्रमन्त्री डा. आरजु राणा देउवाविरुद्ध पक्राउ पूर्जी जारी भएको छ।

पूर्वसभापति देउवा दम्पती र उनीहरूको परिवारको अस्वाभाविक कारोबार भएको पाइएपछि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्रपछि काठमाण्डु जिल्ला अदालतले पक्राउ पूर्जी जारी गरेको छ।

पक्राउ पूर्जी जारी हुँदा देउवा दम्पती नेपालमा छैनन् । चुनावको पूर्वसन्ध्यामा फागुन १४ गते देउवा दम्पत्ति उपचारका लागि भन्दै सिंगापुर उडेका थिए। उनीहरु चैत ७ गते हङकङ गएको बताइएको छ।

यसअघि पनि जेन- जी आन्दोलनपछि उपचारका लागि भन्दै देउवा दम्पती सिंगापुर गएका थिए। त्यतिबेला उपचारपछि उनीहरु फर्केका थिए।

तर फागुन १४ गते देश छाडेका उनीहरु एक महिना ११ दिन बितिसक्दा पनि नेपाल फर्केका छैनन्। पक्राउ पूर्जी जारी भए पनि देउवा दम्पती देश बाहिर रहेकाले इन्टरपोलमार्फत नेपाल ल्याउन प्रहरीले पत्राचार गर्ने भएको छ । यसका लागि अदालती कागजात चाहिने भएकाले पक्राउ पूर्जीले त्यसको काम गर्ने एक प्रहरी अधिकृत जानकारी दिए।

इन्टरपोलमार्फत नोटिस जारीका लागि प्रहरी प्रधान कार्यालयस्थित नेसनल सेन्ट्रल ब्यूरो (एनसीबी)ले प्रक्रिया अघि बढाइएको छ।

नोटिस जारी भएपछि इन्टरपोलका १९६ सदस्य मुलुकले देउवा दम्पतीलाई पक्राउ गर्न सक्ने सम्भावना छ।

### मानमहन्त जगन्नाथ फेरि पक्राउ

# आवश्यक प्रमाण संकलन, बयान तथा वित्तीय अभिलेख परीक्षण हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठका मान महन्त जगन्नाथ दास वैष्णव बैंकिंग कसुर मुद्दामा पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाए अनुसार धनुषाका दीपेन्द्र ठाकुरले दिएको जाहेरीका आधारमा वैष्णवलाई पक्राउ गरिएको छ । मधेश प्रदेशसभाका सदस्य ठाकुरले मानमहन्त वैष्णवविरुद्ध जाहेरी दिएका थिए।

उनीमाथि करिब १ करोड ३० लाख रुपैयाँ बराबरको बैंकिंग कसुर गरेको आरोप लागेको महोत्तरी प्रहरीले जनाएको छ।

आरोपित मान महन्त वैष्णवलाई प्रहरी टोलीले मटिहानी नगरपालिका-७ मा रहेको उनकै निवासबाट नियन्त्रणमा लिएको जनाएको छ।

पक्राउपछि आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउन आरोपित मान महन्त वैष्णवलाई जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याइएको छ।

प्रारम्भिक अनुसन्धानबाट मानमहन्त वैष्णवले विभिन्न व्यक्तिहरूसंग आर्थिक लेनदेन गर्दा नियमविपरीत कार्य गरेको आशंका गरिएको छ।

मानमहन्त वैष्णवविरुद्ध वित्तीय कारोबारमा अनियमितता, विश्वासघात तथा बैंकिङ प्रणालीको दुरुपयोगसम्बन्धी विषयमा धनुषामा अनुसन्धान हुने भएको छ।

मुद्दाको प्रकृति गम्भीर रहेकाले आवश्यक प्रमाण संकलन, बयान तथा वित्तीय अभिलेख परीक्षणको काम अघि बढाइएको धनुषा प्रहरीले जनाएको छ। यसअघि पनि मान महन्त वैष्णव आर्थिक अनियमितता आरोपमा पक्राउ परेर सजाय भोगिसकेका छन् । रुपन्देहीस्थित मेगा बैंक शाखाबाट ७० लाख रुपैयाँ कीर्ते गरी झिकेको आरोप छ।



मान महन्त वैष्णवको नाममा रुपन्देहीस्थित मेगा बैंकको खातामा रहेको ७० लाख रुपैयाँ मौज्दात भएको खाता सरकारले रोक्का राखेको छ।

त्यस्तै, रुपन्देहीमा रहेको मटिहानी स्थानको रामजानकी कुट्टीको जग्गा बिक्री गरेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसहितका विभिन्न निकायमा उजुरी परेको छ।

रुपन्देही, धनुषा, सिरहा, पर्सालगायत विभिन्न जिल्लामा रहेका मठ-मन्दिरका जग्गा बिक्री गरेको उनीमाथि आरोप लागेको छ। जनकपुरधाम क्षेत्रमा रहेको रामजानकी मन्दिरको करिब पाँच बिघा जग्गा बिक्री गरेको विषय पनि अनुसन्धानको दायरामा आएको छ । यसअघि पर्साको वीरगञ्ज क्षेत्रमा रहेको करिब सात बिघा जग्गा बिक्री गर्ने प्रयास गुठी संस्थानले रोकेको थियो।

विगतमा जनकपुरधामस्थित जानकी हेल्थकेयर एण्ड टिचिंग होस्पिटल प्रालिलाई अवैधानिक ढंगले जग्गा उपलब्ध उनले गराएका थिए। यसबाहेक विभिन्न व्यक्तिहरूसंग आर्थिक कारोबार गर्दै मठ मन्दिरका अधिकांश जग्गा तथा चलअचल सम्पत्ति अवैधढंगले बेचबिखन गरेको मानमहन्त वैष्णवमाथि आरोप छ।

मानमहन्त वैष्णव विगतदेखि नै विवादित छन्। उनी यसअघि किर्ते हस्ताक्षरको आरोपमा पक्राउ परेका थिए। रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारीको हस्ताक्षर कीर्ते गरी खाताबाट रकम झिकेको पनि आरोप लागेको थियो । उनले रुपन्देहीका सहायक सिडिओको किर्ते हस्ताक्षर गरी रोक्का गरिएको खाताबाट रकम निकालेको थियो। सो आरोप पुष्टि भएपछि उनी अढाई वर्षसम्म भैरहवास्थित कारागारमा कारावास भोगिसकेका छन्।

मानमहन्त वैष्णव २०५४ सालमा लक्ष्मीनारायण मठका महन्त नियुक्त भएका थिए।

गुठी संस्थानले वैष्णवको नाममा दर्ता भएका मठ-मन्दिरका जग्गाहरू पुनः मन्दिरकै नाममा ल्याउने प्रक्रिया अघि बढाएको छ। यसका लागि विभिन्न जिल्लाका मालपोत तथा भूमि सुधार कार्यालयलाई पत्राचार गरी जग्गा बिक्री रोक्का गर्न निर्देशन दिइएको छ। यसका साथै रुपन्देही लगायतका क्षेत्रमा रहेका करिब १८ बिघा जमिन मन्दिरकै नाममा कायम गर्ने प्रक्रिया शुरु गरिएको छ।

मान महन्त वैष्णवको यस खाले घटनाले धार्मिक संस्थामा रहेका पदाधिकारीहरूको आर्थिक पारदर्शीता र जवाफदेहिताबारे प्रश्न उठाएको छ।

यता प्रहरी हिरासतमा रहेका मानमहन्तमाथि थप अनुसन्धान प्रक्रिया अघि बढाइएको छ । आवश्यक प्रमाण संकलन, बयान तथा वित्तीय अभिलेख परीक्षणको काम अघि बढाइने धनुषा प्रहरीले जनाएको छ।

अनुसन्धानका क्रममा थप पीडित, आर्थिक अनियमितता तथा संलग्न व्यक्तिहरू खुल्ने सम्भावना रहेको छ।

# हारको प्रमुख कारण अन्तरघात कांग्रेसको निष्कर्ष

**टुडे समाचारदाता**

जनकपुरधाम । सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा नेपाली कांग्रेसको हारको प्रमुख कारण अन्तरघात, अनुशासनहीन र भातृसंगठनहरु निस्क्रियताका कारण हार व्यहोर्नु परेको निष्कर्ष निकालिएको छ।

जनकपुरधाममा बुधबार सम्पन्न नेपाली कांग्रेसको मधेश प्रदेशस्तरीय समीक्षा बैठकबाट हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पार्टीले भोग्नुपरेको पराजयका विभिन्न कारणहरू बारे समीक्षा गर्दै यस्तो निष्कर्ष निकालेको छ।

बैठकमा सहभागी अधिकांश नेताहरूले पार्टीभित्रकै अन्तरघात, अनुशासनहीन गतिविधि र सरकारमा बसेका जनप्रतिनिधिहरूले जनताको विश्वास कायम गर्न नसक्नु नै हारका मुख्य कारण भएको निष्कर्ष निकालेका छन्।

बैठकमा मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका जिल्ला सभापति, क्षेत्रीय सभापति, उम्मेदवार तथा विभिन्न तहका पदाधिकारीहरूको उपस्थिति रहेको थियो । सहभागीहरूले आफ्नो धारणा राख्दै पार्टीभित्र बढ्दो गुटबन्दी र आन्तरिक द्वन्द्वले संगठनलाई कमजोर बनाएको निष्कर्ष निकालेका छन् । उनीहरूका अनुसार निर्वाचनको मुखमै सम्पन्न महाधिवेशनले पार्टीभित्र थप विभाजन सिर्जना गरेपछि कार्यकर्ताहरू विभाजित हुदाँ परिणाम आफूहरुको विरुद्ध आएको बुझाइ रहेको छ।

बैठकमा बोल्ने अधिकांश नेताहरूले भ्रातृ संगठनहरूको निस्क्रियता पनि हारको अर्को महत्वपूर्ण कारण भएको उल्लेख गरे। युवाहरूको सहभागिता अपेक्षाकृत कम हुनु, सक्रिय सदस्यता वितरणमा पारदर्शीता नहुनु तथा संगठन सुदृढीकरणभन्दा निरुत्साहित पैदा गर्ने प्रवृत्ति बढ्दै जानुले पार्टीको आधार कमजोर भएको धारणा व्यक्त गरिएको थियो।

सप्तरी क्षेत्र नम्बर-४ का नेता मोहम्मद सदरुल राईनले पार्टीभित्र मौलाएको नातावाद र कृपावादले इमानदार कार्यकर्ताहरूलाई निराश बनाएको बताए। उनका अनुसार नेतृत्व तहले कार्यकर्ताको योगदानलाई उचित मूल्यांकन नगर्दा संगठनप्रतिको विश्वास घट्दै गएको छ।

सोही क्षेत्रका उम्मेदवार तेजुलाल चौधरीले चुनावमा आफ्नै पार्टीका साथीहरूबाट अन्तरघात भएको गुनासो गरे । उनले गुटबन्दीमा आबद्ध केही व्यक्तिहरूले बाहिर साथ दिएको देखाए पनि मतदानका बेला विपक्षीलाई सहयोग गरेको आरोप लगाएका थिए।

त्यस्तै सिरहा क्षेत्र नम्बर-२ का सभापति सुभाष चन्द्र यादवले पार्टीभित्र रहेका परम्परागत र निस्क्रिय संरचनालाई सुधार गर्दै युवाहरूलाई अगाडि ल्याउनुपर्नेमा जोड दिए। उनका अनुसार पुराना सदस्यहरूको सम्मान गर्दै नयाँ पुस्तालाई अवसर दिन सके मात्र संगठन बलियो बन्न सक्छ। सोही क्षेत्रका उम्मेदवार रामचन्द्र यादवले केन्द्रीय नेतृत्वले युवाहरूलाई प्राथमिकतामा नराखेको तथा सरकारमा पुगेका प्रतिनिधिहरूले आफ्नो क्षेत्रमै सीमित रहेर काम गर्दा व्यापक जनसमुदायमा असन्तुष्टि बढेको बताए।



पर्सा जिल्लाका सभापति सुरेन्द्र चौधरीले आधुनिक प्रविधिको प्रयोगमा कमी हुनु पनि पराजयको एक कारण भएको बताए । उनले सामाजिक सञ्जाल र डिजिटल माध्यममार्फत पार्टीका उपलब्धि जनतासम्म पुऱ्याउन नसकिएको गुनासो गरे। अर्का उम्मेदवार अजय चौरसियाले भने निर्वाचन प्रक्रियामा प्रशासनिक हस्तक्षेप भएको आशंका व्यक्त गर्दै त्यसले पनि परिणामलाई प्रभावित पारेको दाबी गरे।

त्यस्तै रौतहट १ का उम्मेदवार पछिल्लो निर्वाचनमा उम्मेदवारहरुको हारको प्रमुख कारण क्षेत्रीय, जिल्ला र प्रदेश पदाधिकारी तथा नेताहरु सक्रिय नहुनु रहेको कमी औल्याएका थिए । यस्तै बारा २ का उम्मेदवार भैयाराम यादवले पार्टीको परिवर्तन सहितको नयाँ नेतृत्वले गर्दाले नै अहिले आएको सिट हो। पुराना नेतृत्वकर्ताहरु भएको भए पार्टी जिरो अवस्थामा पुग्ने थिए। तर परिवर्तन सहितका नारा हामी जनतामा पुरयाउन नसकेको महसुश गरेको बताए।

सो कार्यक्रममा प्रदेशका ८ वटै जिल्ला सभापति, क्षेत्रीय सभापति, प्रदेश क्षेत्रिय सभापति, प्रदेश तथा केन्द्रका पदाधिकारीहरुले भविष्यका लागि विभिन्न सुझावहरू पनि प्रस्तुत गरेका छन् । सबैले भातृ संगठनलाई सक्रिय बनाउनुपर्ने, क्रियाशील सदस्यतालाई शुद्धिकरण गर्नुपर्ने र पार्टीभित्र जेनजी उमेरका युवाहरुलाई बढीभन्दा बढी सहभागिता गराउनुपर्ने र स्थानीय तथा प्रदेश सरकारमा रहेकाहरुलाई आफ्ना क्षेत्र मात्र होइन समग्रतालाई ध्यानमा दिएर काम गर्न कडा निर्देशन दिनुपर्नेमा जोड दिए।

यसका साथै स्थानीय र प्रदेश सरकारमा रहेका जनप्रतिनिधिहरूलाई आफ्नो क्षेत्र मात्र नभइ समग्र प्रदेशको विकासमा ध्यान दिन निर्देशन आवश्यक रहेको धारणा राखिएको थियो । समग्रमा, समीक्षा बैठकले पार्टीभित्र देखिएका कमजोरीहरूलाई सच्याउँदै आगामी निर्वाचनमा सशक्त रूपमा प्रस्तुत हुन संगठनलाई एकताबद्ध बनाउने आवश्यकता औंल्याएको छ। नेताहरूले यसलाई एउटा महत्वपूर्ण पाठका रूपमा लिँदै भविष्यका रणनीति तयार गर्नुपर्नेमा सहमति जनाएका छन्।

पार्टी सभापति गगन कुमार थापाले पुराना सबै क्रियाशील सदस्यता खारेज भइसकेको जानकारी गराउँदै वैशाख १ गतेदेखि नयाँ प्रणाली अनुसार क्रियाशील सदस्यता बनाउने अभियानमा सहभागी हुन सबैलाई आग्रह गरे।

अध्यक्ष थापाले भने वैशाख १ गतेदेखि एक महिनासम्म नेपाली कांग्रेसले देशभर 'जरा अभियान' सञ्चालन गरी क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरण शुरु हुने छ। जसको सुरुवात म आफूबाटै आफ्नो वडामार्फत गर्नेछु। यो अभियानमार्फत वडा तहसम्मै संगठन सुदृढीकरण, सदस्यता अद्यावधिक, र वैज्ञानिक प्रणालीको सुरुवात गरिनेछ, जसमा युवाहरूको व्यापक सहभागिता र विशेष मापदण्डका आधारमा सदस्यता प्रदान गरिनेछ।

उनले पार्टीका अधिकांश भातृ संगठन युवाहरुको संगठन हो। तर ती संगठनमा पुराना नेताहरु नै वर्षौदेखि कब्जा जमाएर बसेका कारण निस्क्रिय हुन गएकाले अब ती पद्धतिमा परिमार्जन गरी नयाँलाई अवसर दिने गरी सक्रिय बनाइने प्रतिबद्धता जनाए।




# अझै कृषि योग्य जमिनमा सिँचाइको सुबिधा पुऱ्याउन चुनौती


काठमाण्डु । सिँचाइ दिवस तथा जलस्रोत तथा सिँचाइ विभागको स्थापना दिवस 'जलस्रोतको व्यवस्थित उपयोग, समृद्ध देश निर्माणमा सहयोग' भन्ने नाराका साथ विविध कार्यक्रम आयोजना गरी बुधबार मनाइएको छ ।

तत्कालीन सरकारले २००९ सालमा नहर विभागको स्थापना गरेर कृषि जमिनमा सिँचाइको थालनी गरेको थियो । सोही अवसरको सन्दर्भलाई लिएर सरकारले सिँचाइ दिवस मनाउँदै आएको छ । सिँचाइको संस्थागत विकासका क्रममा नहर विभाग, सिँचाइ तथा खानेपानी विभाग, सिँचाइ तथा जलवायु विज्ञान विभाग हुँदै २०४४ सालमा सिँचाइ विभागमा रुपान्तरण भएको थियो ।विसं २०७२ मा नेपालको संविधान जारी भएपश्चात् सिँचाइ विभाग र जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग खारेज गरेर २०७५ सालमा जलस्रोत तथा सिँचाइ विभागको स्थापना भएको थियो ।

नेपालको इतिहासमा पहिलोपटक सरकार ीस्तरबाट १९७९ सालमा 'चन्द्र नहर'को निर्माण सुरुआत भएर १९८५ सालमा सम्पन्न भएको थियो । यसलाई नै पहिलो आधुनिक तथा सबैभन्दा पुरानो सिँचाइ प्रणाली मानिन्छ । तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशम्शेर जवराको विशेष पहलमा बनेको सो नहरको प्राविधिक नेतृत्व (चिफ इन्जिनियर) शाही सेनाका महासेनानी डिल्लीजङ्ग थापाले गर्नुभएको थियो ।

जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)को आर्थिक एवं प्राविधिक सहयोगमार्फत हालै 'शताब्दी' पार गरेको सो नहरका ३२ प्रमुख संरचनाहरूको पुनर्निर्माण तथा सुदृढीकरणमा सम्पन्न भएको थियो । उदयपुरको त्रियुगा नदीलाई मुख्य पानीको स्रोत मानेर निर्माण गरिएको सो नहरबाट २८ किमी मूल नहर, ११ शाखा नहर तथा थप शाखा नहरमार्फत सप्तरी जिल्लाका १० हजार ५०० हेक्टर जमिनमा सिँचाइ उपलब्ध हुँदै आएको छ । यसबाट ३५ हजार घरपरिवारका किसान लाभान्वित हुँदै आएका जनाइएको छ ।

पछिल्लो समय कृषियोग्य जमिनमा सिँचाइ सुविधाको पहुँचले गति लिँदै गएता पनि अझै १० लाख हेक्टर जमिनमा सिँचाइको पहुँच पुर्याउनुपर्ने देखिएको छ । जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक ई. मित्र बरालले भन्नुभयो, "कुल सिँचाइयोग्य क्षेत्र करिब २५ लाख ३६ हजार हेक्टरमध्ये हाल करिब १५ लाख



८७ हजार ९१० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भइसकेको छ । सतह, भूमिगत, जलासय र लिफ्ट सिँचाइमार्फत सिँचाइ पुगेका क्षेत्रमा हेक्टर उत्पादन औसत रूपमा वृद्धि भएको छ ।"

नेपालमा कृषियोग्य जमिनको क्षेत्रफल ३५ लाख ५७ हजार ७०० हेक्टर रहेको जनाइएको छ । उहाँले भन्नुभयो, "नेपालको अर्थतन्त्र मुख्यतया कृषिमा आधारित छ । करिब ६२ प्रतिशत जनसङ्ख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेसामा संलग्न रहेका छन् । दिगो, भरपर्दो र प्रभावकारी सिँचाइ प्रणालीबिना कृषि आधुनिकीकरण, उत्पादन वृद्धि तथा खाद्य सुरक्षा सम्भव हुँदैन । यसैलाई ख्याल गर्दै कृषियोग्य जमिनमा सिँचाइको सुविधा पुर्याउन विभागले उच्च प्राथमिकताका साथ काम गरिहेको छ ।"

**राष्ट्रिय गौरवका अयोजनाः प्रगति तीव्र**

पछिल्लो समय विभागअन्तर्गतका छवटा राष्ट्रिय गौरवका अयोजनाले गति लिएका छन् । ती आयोजनालाई समयसीमाभित्र सम्पन्न गर्न विभागले उच्च प्राथमिताका साथ लागिरहेको महानिर्देशक बरालले जानकारी दिनुभयो ।हाल विभागअन्तर्गत महाकाली सिँचाइ आयोजना (कञ्चनपुर), रानी जमरा कुलरिया सिँचाइ आयोजना (कैलाली), बबई सिँचाइ आयोजना (बर्दिया), भेरी बबई डाइभर्सन बहुउद्देशीय आयोजना (सुर्खेत), सिक्टा सिँचाइ आयोजना (बाँके) र सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना (सिन्धुली) छवटा राष्ट्रिय गौरवका अयोजना सञ्चालित छन् ।

चालु आवमा विभागको अथक प्रयासपछि ती आयोजनामध्ये तीनवटाको कार्यप्रगति राम्रो रहेको जनाइएको छ । सिक्टा सिँचाइ आयोजना (बाँके)को हालसम्म सिँचाइ संरचना विस्तार भएको क्षेत्र २२ हजार ५०० हेक्टर पुगिसकेको छ । यो आयोजनाको सिँचाइ हुने क्षेत्रफल ४२ हजार ७६६ हेक्टर रहेको भने बबई सिँचाइ आयोजना (बर्दिया)को सिँचाइ संरचना विस्तार भएको क्षेत्र २७ हजार ३३० हेक्टर पुगिसकेको छ । यो आयोजनाको सिँचाइ हुने क्षेत्रफल ३६ हजार हेक्टर रहेको छ ।

त्यसैगरी, रानी जमरा कुलरिया सिँचाइ आयोजना (कैलाली) सिँचाइ संरचना विस्तार भएको क्षेत्र १४ हजार ३०० हेक्टर पुगिसकेको छ । यो आयोजनाको सिँचाइ हुने क्षेत्रफल ३८ हजार ३०० हेक्टर रहेको भने महाकाली सिँचाइ आयोजना तेस्रो चरणको कामले पनि गति लिएको जनाइको छ । विभाग महानिर्देशक बरालले भन्नुभयो, "सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना र भेरी बबई डाइभर्सन बहुउद्देशीय आयोजना पनि अब गति लिन्छ ।"

**तराई मधेस भूमिगत जल सिाचाइ कार्यक्रम**

विभागले तराई तथा भित्री मधेसका करिब तीन लाख १८ हजार हेक्टर जमिनमा भूमिगत सिँचाइमार्फत सिँचाइ सुविधा पुर्याउन तराई मधेस भूमिगत जल सिँचाइ कार्यक्रम पनि कार्यान्वयन गरिराखेको छ । ती कृषियोग्य जमिनमा भूमिगत सिँचाइ प्रणालीको विकास गरी कृषि उत्पादन र उत्पदकत्वको अभिवृद्धि, खाद्य सुरक्षाको सुनिश्चितता, भोकमरीको अन्त्य, रोजगारी सृजना गरी कुल गार्हस्थ्य उत्पादन वृद्धिमा योगदान पुर्याइ परिस्कृत र मर्यादित जीवनयापनको आधार तयार गर्ने कार्यक्रमको ध्येय रहेको विभागले जनाएको छ ।

सो कार्यक्रम तराई मधेसका १९ जिल्लासहित भित्री मधेसका उदयपुर, मकवानपुर, सुर्खेत, चितवन र दाङसहित पहाडी जिल्ला इलाम र सिन्धुलीमा कार्यान्वयमा रहेको विभागले जनाएको छ । महानिर्देशक बरालले भन्नुभयो, "भूमिगत सिँचाइ प्रणाली सञ्चालनको आधारभूत प्राविधिक ज्ञानको अभावले गर्दा उपभोक्तालाई नियमित रूपमा सिँचाइ प्रणाली सञ्चालनमा समस्या सम्बोधन गर्ने प्रयासमा छौं ।"

विभागले गत वर्षको वर्षात्का मुख्य समयमा पनि मधेस प्रदेश सुक्खा हुँदा आइलागेको समस्यालाई तत्काल सम्बोधन गर्न द्रुतगतिबाट काम गरेको थियो । धानबाली जोगाउन भूमिगत जल सिँचाइलाई निरन्तरता दिने प्रयास गरेको थियो ।सरकारले गत साउन ६ गते मधेस प्रदेशलाई तीन महिनाका लागि सुक्खा विपद् क्षेत्र घोषणा गरेको थियो । खानेपानी, सिँचाइ तथा कृषिसम्बन्धी समस्याको पहिचान गरी समाधानका लागि कार्ययोजना पेस गर्ने सम्बन्धमा गठित कार्यदलको प्रतिवेदनका आधारमा विभागले भूमिगत जल सिँचाइसम्बन्धी तत्काल गर्नुपर्ने कार्य अगाडि बढाएको थियो ।

**जलस्रोत संरक्षण**

विभागले एकीकृत नदी बेसिन सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यक्रमले पच्चीस हजार हेक्टर जमिनमा सिँचाइ गरिने लक्ष्य राखेको छ ।विभागले जलस्रोत संरक्षण, नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप व्यवस्थापनको कार्य योजनाबद्ध रूपमा गर्दै आएको छ । महानिर्देशक बरालले भन्नुभयो, "निर्माण सम्पन्न भएका सिँचाइ प्रणालीहरूमा नहर सञ्चालन एवं व्यवस्थापनको पनि कार्य गर्दै आएको छ ।" उहाँका अनुसार विभागले तटबन्ध निर्माण एक हजार ४७७ किमी, जग्गा उकास १३ हजार ६७१ हेक्टर र चेकड्याम ६३५ निर्माण सम्पन्न गरेको छ । महानिर्देशक बरालले भन्नुभयो, "जलस्रोत संरक्षण, नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप व्यवस्थापनमा काम गरिरहेको छ ।"रासस

## गृहमन्त्री गुरुङसँग स्वीस राजदूतको शिष्टाचार भेटघाट



काठमाण्डु । गृहमन्त्री सुधन गुरुङसँग नेपालका लागि स्वीस राजदूत डेनिएल मैवलीले बुधबार शिष्टाचार भेट गर्नुभएको छ । गृह मन्त्रालयमा भएको सो भेटमा राजदूत मैवलीले गृहमन्त्रीलाई बधाई तथा सफल कार्यकालका लागि शुभकामना दिनुभयो ।

नेपाली उच्चपदस्थ व्यक्तिहरूले भ्रष्टाचारलगायत कसुरबाट अवैध रूपमा आर्जन गरेको रकम स्वीस बैंकमा जम्मा गरेनगरेको विषयमा अनुसन्धानका लागि दुई देशबीच सहकार्य गर्न तथा रकम जम्मा गरेको देखिएमा नेपाल सरकारको अनुरोधमा उक्त रकम फिर्ता ल्याउने व्यवस्था गर्न आवश्यक पहल गरिदिन गृहमन्त्री गुरुङले राजदूतसमक्ष आग्रह गर्नुभएको उहाँको सचिवालयले जनाएको छ ।

विपद् व्यवस्थापनका क्षेत्रमा गृहमन्त्री गुरुङको एक दशकभन्दा लामो अनुभव र उल्लेखनीय योगदान रहेकोप्रति सम्मान प्रकट गर्दै राजदूतले नेपालमा जलवायु परिवर्तन एवं विपद् जोखिम न्यूनीकरणका लागि पूर्वचेतावनी प्रणालीलाई थप सुदृढ बनाउन स्वीस सरकारले आवश्यक सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

## सातै प्रदेशमा वर्षा, बिहीबारसम्म प्रभाव रहने



काठमाण्डु । नेपालमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायुको प्रभावका कारण देशका सातै प्रदेशमा बदली भई ती प्रदेशका विभिन्न जिल्लामा अहिले वर्षा भइरहेको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार बिहान पश्चिम नेपालबाट सुरु भएको वर्षा पूर्वी नेपालसम्म फैलिएको छ । वर्षाका कारण चिसो बढेको छ भने कतैकतै जनजीवन प्रभावित भएको छ । उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात पनि भएको छ ।

विभागमा बुधबार साँझ प्राप्त अभिलेखअनुसार केही जिल्लामा भारीउन्मुख वर्षा भएको छ । साँझ पौने ७ बजेको मापनअनुसार बुधबार पछिल्लो १२ घण्टामा सबैभन्दा बढी वर्षा डडेलधुरामा ४६.६ मिलिमिटर र डोटीमा ४२.२ मिलिमिटर वर्षा भएको छ । यो भारीउन्मुख वर्षा हो । यस्तै काठमाडौँमा १३, ललितपुरमा १२ र भक्तपुरमा ८ मिलिमिटर वर्षा भएको छ ।

पछिल्लो ३ घण्टामै डडेलधुरामा ३० मिलिमिटर वर्षा भइसकेको छ । यस्तै धनकुटामा १५ मिलिमिटर, सुर्खेतमा १९, डोटीमा १३, गोरखामा ११, मिलिमिटर वर्षा भएको छ । अहिले पनि धेरै जिल्लामा वर्षा जारी छ । विभागका सूचना अधिकारी दिनकर कायस्थका अनुसार बदली भोलि पनि कायम रहने र ठाउँठाउँमा वर्षा हुने जनाइएको छ । बिहीबार रातिदेखि भने बदली कमजोर हुँदै जाने विभागले जनाएको छ ।

बिहीबार कोशी प्रदेशलगायत देशको पहाडी र हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भू-भागमा आंशिक बादल लाग्ने र कोशी प्रदेशलगायत देशका पहाडी तथा हिमाली भू-भागका केही स्थानहरूमा तथा मधेश प्रदेशका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्गसहित मध्यमवर्षा/हिमपातको सम्भावना रहेको जनाइएको छ ।रासस

## बागमती प्रदेशसभाको सभामुखमा चार दलको दाबी

बागमती । बागमती प्रदेशसभामा सभामुख पदको चयन प्रक्रिया सुरु भएको छ ।

बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले जेनजी आन्दोलनलगत्तै गत असोज १ गते सभामुख पदबाट राजीनामा दिएपछि सभामुख पद रिक्त भएको थियो । सो रिक्त सभामुख पदका लागि सत्तारुढ र प्रतिपक्ष दलहरूले दाबी गरेका छन् । बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको संयुक्त बैठकमा सभामुखमा आ-आफ्नो दलले पाउनुपर्ने दाबी गरेका हुन् । प्रदेशसभाको सबैभन्दा ठूलो दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने दाबी गर्नु स्वाभाविक भएको कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका सचेतक पुकार महर्जनले बताउनुभयो ।

"नेकपा एमालेले पनि सभामुख हामीलाई चाहियो भनिरहेको छ, हामीले सत्तारुढ दलको बीचमा सहमति कायम गरेर अघि बढ्न चाहिरहेका छौँ", सचेतक महर्जनले भन्नुभयो, "ठूलो दलको नाताले कांग्रेसलाई सभामुख दिनुपर्छ भन्ने हाम्रो अडान छ । तर सत्तारुढ दलबीच सहमति गरेर अघि बढ्ने कुरामा हामी एक ढिक्का छौँ", उहाँले भन्नुभयो ।

यता अर्को सत्तारुढ दल नेकपा एमालेले कांग्रेसको मुख्यमन्त्री भएकाले सभामुख आफ्नो दलले पाउनुपर्ने दाबी गरेको छ । एमाले संसदीय दलका प्रमुख सचेतक एकालाल श्रेष्ठले कांग्रेसबाट मुख्यमन्त्री भएकाले सभामुखमा आफ्नो दलको दाबी रहेको बताउँदै त्यसमा दुई दलबीच कुनै विवाद नरहेको बताउनुभयो ।

सरकार र सदनबीच सन्तुलन कायम राख्न प्रमुख प्रतिपक्ष दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने नेपाली कम्युनिष्ट पार्टीका नेता शालिकराम जम्कट्टेलले बताउनुभयो । सभामुखमा आफ्नो दलको दाबी रहेको बताउँदै नेता जम्कट्टेलले सत्तापक्षबीच सहमति नभए आफ्नो दलले सभामुखमा उम्मेदवारी दिने बताउनुभयो । "हामीले सत्तारुढ दललाई तपाईँहरू सरकार चलाउनुस्, सदनको नेतृत्व हामीलाई दिनुस् भनिरहेका छौँ", नेता जम्कट्टेलले भन्नुभयो, "शक्ति सन्तुलनका लागि प्रतिपक्षको दाबी स्वाभाविक हो, यसले एउटा राम्रो सन्देश जान्छ । सत्तारुढ दलबीच कुरा मिल्यो भन्ने ठिकै छ, नत्र हामीले उम्मेदवारी दिन्छौँ," उहाँले भन्नुभयो ।

त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि सभामुखमा दाबी गरेको छ । राप्रपा संसदीय दलका नेता उद्धव थापाले आफ्ना पार्टीबाट सभामुख हुनुभएका पाठकले राजीनामा दिएकाले पुनः सभामुख आफ्नो दलले पाउनुपर्ने बताउनुभयो ।रासस

## 'अब आश्वासन होइन, डेलिभरी चाहिन्छ'

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले विशेष अवस्थामा भएको निर्वाचनबाट विजयी भएको दल र सरकारले जनतालाई सुशासन दिनुपर्नेमा दिनुभएको छ ।



सभाको बुधबारको विशेष समयमा दलीय आधारमा बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टीका लीमा अधिकारीले नयाँ सरकारले चालेका सुधारात्मक कामको प्रशंसा गर्दै समग्र आर्थिक विकासको नयाँ आयाम दिन सरकार सफल हुनुपर्ने बताउनुभयो । उहाँले अब जनतालाई आश्वासन र भागभण्डा होइन डेलिभरी चाहिने भएकाले त्यसअनुसार सबैले काम गर्नुपर्नेमा जोड दिनुभयो ।सोही पार्टीका जगदीश खरेल (ललितपुर) ले सुशीला कार्की नेतृत्वको सरकार र जेनजी समूहबीच भएको सम्झौताको अक्षरशः पालना हुनुपर्ने बताउनुभयो । रास्वपाकै समीक्षा बास्कोटाले उच्च सम्भावना भएको कर्णाली प्रदेशलाई उपेक्षामा नराख्न आग्रह गर्नुभयो ।

नेपाली कांग्रेसका जनकराज गिरीले जमुनादेखि हिल्सासम्म हुँदै मानसरोवरसम्मको त्रिदेशीय मार्गलाई स्तरोन्नती गर्न सके बाजुराको पर्यटन, रोजगारी र स्थानीय उत्पादन वृद्धि हुने बताउनुभयो । उहाँले सेती लोकमार्ग निर्माण अलपत्र परेकाले शीघ्र निर्माणमा जोड दिनुभयो ।

कांग्रेसकै सन्दीप रानाले खेतीयोग्य जमिनमा सिँचाइको अभाव हुने समस्यालाई समाधान गर्न आग्रह गर्नुभयो ।नेकपा (एमाले) का यज्ञबहादुर बोगटीले राज्यले अछामलाई पिछडिएको क्षेत्र घोषणा गरे पनि त्यहाँका जनता शिक्षा, स्वास्थ्य र रोजगारीलगायत समस्या खेपिरहेको बताउनुभयो । उहाँले विदेशमा गएर रोजगारी गर्न बाध्य नागरिकलाई फर्काएर स्वदेशमै रोजगारी दिन र पहाडी जिल्लाका सडकहरूको स्तरोन्नति र निर्माण ध्यान दिन आग्रह गर्नुभयो ।

एमालेका साजिदा खातुन सिद्धिकीले गौरीबहादुर कार्की आयोगको प्रतिवेदन पूर्वाग्रही भएको र एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री रमेश लेखकलाई विधि विपरीत हिरासतमा लिइएको आरोप लगाउनुभयो ।नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का महेन्द्रबहादुर शाहीले देशको अर्थतन्त्रमा बिचौलिया र नवउदारवाद हावी भएको र वैदेशिक ऋणमा निर्भरता कायम रहेकाले आत्मनिर्भर अर्थतन्त्र विकासको जोड दिनुभयो । उहाँले सबै भ्रष्टाचार प्रकरणको छानबिन गरी दोषीलाई कारवाही गर्न आग्रह गर्नुभयो ।

श्रम संस्कृति पार्टीका रुवी कुमारीले मधेस प्रदेशमा 'दहेज', युवाहरूको बेरोजगारीको समस्याको समाधान र किसानका लागि सिँचाइ, मल र उचित सुविधा दिन आग्रह गर्नुभयो ।राष्ट्रिय प्रजातन्त्र पार्टीका भरत गिरीले जयनगर-जनकपुर-बर्दिबास रेलमार्ग निर्माणका लागि भारतसँग भएको सम्झौताबमोजिम स्थानीय सरकारको करको बाधा हटाएर छिटो कार्य प्रारम्भ गर्नुपर्ने माग गर्नुभयो । उहाँले प्रदेशस्तरीय मेडिकल कलेज निर्माणको बजेट फ्रिज भएको र काठमाडौँ तराई द्रुतमार्ग छिटो निर्माण गर्न आग्रह गर्नुभयो ।

स्वतन्त्र सांसद महावीर पुनले म्याग्दीलाई हिमाली जिल्ला घोषणा गरिए पनि पाउनुपर्ने सहुलित प्राप्त नभएकोमा ध्यानाकर्षण गराउनुभयो । उहाँले राणाकालदेखि मुलुकमा भाइरसका रूपमा रहेको नातावाद, कृपावाद र चाप्लुसीवादबाट मुक्त हुन सक्नुपर्ने बताउनुभयो ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सम्पत्ति आर्जन गर्ने तथा आर्थिक आधार सुदृढ बनाउने अवसर प्राप्त हुनसक्छ ।
वृष : बोलचालमा संयम र विवेक अपनाउनु आवश्यक देखिन्छ ।
मिथुन : आर्थिक पक्ष सबल रहने संकेत देखिन्छ ।
कर्कट : प्रेम तथा दाम्पत्य सम्बन्धमा आत्मीयता वृद्धि हुनेछ ।
सिंह : महत्वपूर्ण योजनाहरुमा केही अवरोध देखा पर्न सक्छन् ।
कन्या : सामाजिक तथा पेशागत क्षेत्रमा प्रतिष्ठा वृद्धि हुन सक्छ ।
तुला : अध्ययन तथा बौद्धिक क्षेत्रमा उल्लेखनीय उन्नति हासिल हुनेछ ।
वृश्चिक : स्वास्थ्यप्रति विशेष सचेत रहनुपर्ने समय देखिन्छ ।
धनु : निरन्तर प्रयास र लगनशीलताले भविष्यमा उल्लेखनीय सफलता दिलाउने संकेत छन् ।
मकर : झुटा आरोप वा अनावश्यक आलेचानाको सामना गर्नुपर्ने परिस्थिति आउन सक्छ ।
कुम्भ: धैर्य र सुझबुझले सफलता हासिल गर्ने सम्भावना प्रबल छ ।
मीन: खर्चमा केही वृद्धि हुने संकेत छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| | | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



स्थानीय किसानको केराबारीमा आहाराको खोजीमा गाजले सुनचरी । अङ्ग्रेजीमा इन्डियन गोल्डेन ओरियोल भनिने यो चरा विशेष गरी खुला पतझड वन र बगैँचालगायतका क्षेत्रमा विचरण गर्दछ । यस सुन्दर चरालाई स्थानीय समुदायले कजरारी हरदिउला भन्ने नामले चिन्ने गर्दछन् । *तस्बिरः रासस*

# गण्डक नहर सरसफाइ अभियान तीव्र गतिमा



वीरगञ्ज । नारायणी सिँचाइ व्यवस्थापन कार्यालयले गण्डक नहरमा थुप्रिएको बालुवा, माटो तथा झारपात हटाउँदै सरसफाइ अभियानलाई तीव्र गतिमा अघि बढाएको छ ।

चालु आर्थिक वर्षमा कार्यालयले मुख्य नहरतर्फ पर्सामा छ किलोमिटर र बारामा पाँच किलोमिटर सरसफाइ तथा मर्मतसम्भार थालेको छ ।

कार्यालयका प्रमुख मनोजप्रसाद पटेलका अनुसार नहरमा माटोसहितको गेग्र्यान थुप्रिँदै जाँदा नहरको आकार खुम्चिँदै गएको थियो । “मुख्य नहरमा कार्यालयकै उपकरण र जनशक्ति परिचालन गरेर सरसफाइ गरेका छौं,” उहाँले भन्नुभयो, “ नहर वरपर स्थानीयले गरेको अतिक्रमणका कारण निकालिएको फोहोर व्यवस्थापनमा चुनौती थपिएको छ ।”

नहर आसपासको जग्गा अतिक्रमण हुँदा नहरबाट निकालिने माटो, बालुवा र झारपात व्यवस्थापन गर्न कठिनाइ भएको छ । “स्थानीयले नहर किनारमा घरटहरा, माछापोखरीलगायत संरचना निर्माण गर्दा सरसफाइपछि निस्कने वस्तु व्यवस्थापनमा समस्या भइरहेको छ,” उहाँले भन्नुभयो ।

गण्डक नहरको करिब २५ देखि ३० स्थानमा अतिक्रमणका समस्या देखिएको र त्यसको समाधानका लागि स्थानीय प्रशासन समन्वय भइरहेको उहाँले जानकारी दिनुभयो ।शाखा नहरतर्फ पाँच खण्डमा विभाजन गरी ७५ किलोमिटर सरसफाइका लागि ठेक्का प्रक्रिया अघि बढाइएको छ । प्रत्येक खण्डमा १५ किलोमिटरका दरले काम गर्ने गरी करिब ४५ लाख रुपैयाँमा ठेक्का स्वीकृत भएको छ । गण्डक नहर संरचना ५० वर्ष पुरानो भएकाले नियमित मर्मतसम्भार आवश्यक रहेको उहाँले बताउनुभयो ।

नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ मा गण्डक सिँचाइ तथा जलविद्युत् आयोजना सम्बन्धी सम्झौता भएको थियो । सोही सम्झौताअनुसार भारत सरकारले नारायणी नदीमा ‘ ब्यारेज’ निर्माण गरेको हो । यहाँबाट मुलुकको २८ हजार हेक्टरमा सिँचाइ सुविधा पुगेको छ ।रासस

# आगामी शैक्षिक शत्रदेखि पढाई हुन्छ : शिक्षामन्त्री पोखरेल



सुदूरपश्चिम । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा आगामी शैक्षिक शत्रदेखि पढाई सुरु गर्ने तयारी गरिएको बताउनुभएको छ । विश्वविद्यालयका सहकुलपतिसमेत रहेका मन्त्री पोखरेलको अध्यक्षतामा बुधबार बसेको विश्वविद्यालय सभाको बैठकपछि पत्रकारसँग कुरा गर्दै उहाँले आगामी शैक्षिक शत्रदेखि पढाई सुरु गरिनुपर्छ भन्नेमा सरकार लागेको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, “शिक्षा, स्वास्थ्यको विषय सरकारको प्राथमिकतामा छ, यो विश्वविद्यालयमा आगामी शैक्षिक शत्रदेखि पढाई सुरु गर्नुपर्छ भन्नेमा सरकारले प्राथमिकता दिएको छ, आर्थिक हिसाबले कुनै पनि कमीकमजोरी नहोस् भन्नेमा प्रधानमन्त्रीको निर्देशन पनि छ,।” राज्यको आर्थिक स्रोतमा केही कठिनाई देखिए पनि यो विश्वविद्यालयमा आगामी शैक्षिक शत्रदेखि पठनपाठन सुरु गर्ने तयारी गरिएको उहाँले बताउनुभयो ।

विश्वविद्यालयका उपकुलपति प्राडा सुनिलकुमार जोशीले विश्वविद्यालय चौथो सभामा आगामी शैक्षिक शत्रदेखि चिकित्सा शिक्षालगायतका विधा कसरी सञ्चालन गर्ने भन्ने विषयमा छलफल गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, “चिकित्सा सेवा, शिक्षा र अनुशन्धान गरी तीन विषयलाई कसरी अगाडि लैजाने भन्ने विषयमा सभामा छलफल भयो ।”

कैलालीको गेटामा रहेको शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्व विद्यालयको प्रशासनिक भवनमा आज पहिलो पटक चौथो सभा भएको हो । यसअघिका तीन सभा काठमाडौँमा भएका थिए । यो विश्व विद्यालय नेपालको पहिलो स्वास्थ्य विज्ञान विश्वविद्यालय हो ।एमबिबिएस, बिएस्सी नर्सिङ, बिएस्सी, एमएलटीलगायतका विषयमा अध्ययनअध्यापन गर्ने विश्वविद्यालयका प्रस्तावित कार्यक्रम छन् । कैलालीको गोदावरी नगरपालिका-५ गेटामा विश्वविद्यालयका अत्याधुनिक भवन संरचनाको निर्माण कार्य एकडेढ वर्षअघि नै पूरा भएको थियो ।

सरकारको झण्डै रु छ अर्बभन्दा बढी लागतमा निर्माण भएका संरचनामा विश्वविद्यालय सञ्चालनका लागि नागरिक समाज, राजनैतिक दल, स्थानीयवासी लगायतले दवाबमुलक कार्यक्रम गर्दै आएका थिए । भवन संरचनाहरूको निर्माण पूरा भइसके पनि यसको सञ्चालनको प्रारूपको टुङ्गो लाग्न लामो समय लागेको थियो ।

यो विश्वविद्यालय सरकारको प्राथमिकता प्राप्त योजना हो । विसं २०६६ मा गेटा मेडिकल कलेजको नाममा भवन संरचनाको निर्माण कार्य शुरु भएको थियो । विश्वविद्यालय सञ्चालन भएपछि खासगरी सुदूरपश्चिम प्रदेशको चिकित्सा शिक्षा र गुणस्तरी स्वास्थ्यमा फड्को मार्ने विश्वास गरिएको छ ।रासस

## साबिककै मूल्यमा २८ दिनको ‘एनटिसी प्याकेज’ अब ३० दिन

काठमाण्डु । नेपाल टेलिकम (एनटिसी)ले आफ्नो प्रिपेड सेवाको २८ दिनको प्याकेजको समय बढाएर ३० दिन बनाएको छ ।

टेलिकमका अनुसार ‘ कम्बो-२९९ प्याक’को समयावधि मङ्गलबार रातिदेखि बढाएर ३० दिनको बनाइएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले मङ्गलबार नेपाल टेलिकमसँग छलफल गर्नु भएपश्चात यो व्यवस्था लागु गरिएको हो ।नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक रीना डङ्गोलले आगामी वैशाख ११ सम्ममा यस्ता सबै प्याकेजलाई ३० दिन बनाउने जानकारी दिनुभयो । त्यसैगरी टेलिकम प्रयोगकर्ताको डाटा प्याकेज सकिएपछि स्वतः ब्यालेन्स काटिने अवस्था अन्त्य भएको छ भने सबै सेवा अनलाइन गर्ने र ‘वान टाइम केवाइसी’ लागू गर्ने प्रक्रिया अघि बढाइएको छ ।

अब प्रयोगकर्ताले लिएको डेटा प्याकेज ९० प्रतिशत खपत भएपछि सूचना प्राप्त गर्नेछन् । यससँगै ‘पे-एज-यू-गो’ विकल्प उपलब्ध हुनेछ । जसले ग्राहकलाई डेटा सकिएपछि स्वतः शुल्क कट्ने वा नयाँ प्याकेज खरिद गर्नेबारे विकल्पसहितको छनोटको सुविधा दिनेछ ।रासस

# एक वर्षमा सात हजार पाँच सय विपद्का घटना




काठमाण्डु । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार एक वर्षको अवधिमा देशभर सात हजार पाँच सय ४७ विपदका घटना भएका छन् । विपदका कारण १३ हजार पाँच सय चार परिवार प्रतक्ष्य रुमपा प्रभावित भएका छन् ।

बाढी पहिरो, भारी वर्षा, चट्याङ, वन डढेलो, हावाहुरी, हिउँ पहिरो जस्ता विपद र विपदजन्य घटनाका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । सामान्य सावधानी अपनाउँदा समेत रोक्न सकिने आगलागीको घटना सबैभन्दा धेरै रहेको प्राधिकरणको विवरणमा उल्लेख छ ।

झण्डै एक वर्षको अवधिमा तीन हजार छ सय ५२ वटा आगलागीका घटना भएका छन् । आगलागीमा परेर मात्रै एक सय चार जनाको अकालमा ज्यान गएको छ । पाँच सय ६३ जना घाइते हुँदा चार हजार एक सय ८२ परिवार प्रत्यक्ष रुपमा पीडित भएका छन् ।

बाढीका कारण मात्रै तीन सय २८ घटनामा ३९ जनाको निधन भएको छ । बाढीमा परेर २७ जना बेपत्ता हुँदा १४ जना घाइते भएका छन् । प्राधिकरणका अनुसार, ६ सय २१ पहिरोका घटनामा परेर ७६ जनाको ज्यान गएको छ । यस्तै, भारी वर्षाको चार सय ४६ घटनामा परेर सात जनाको ज्यान गयो भने २० जना घाइते भए ।

त्यस्तै, चार सय १९ चट्याङका कारण ४८ जनाको ज्यान गयो । कूल तीन सय १२ जना घाइते हुँदा पाँच सय २२ परिवार प्रत्यक्ष रुपमा प्रभावित भए । हावाहुरीका चार सय ७७, वन डढेलाका तीन सय २४, जनावर आक्रमणका पाँच सय नौ तथा लेक लाग्नुका एक सय ३१ घटना भएका छन् । प्राधिकरणका अनुसार यो विवरण गत वैशाख १ गतेदेखि यही चैत २४ गते सम्मको हो ।रासस

# श्रीमानले नागरिकता बनाउन नमानेपछि सोहानीले छाडिन् ससुरा

**चाँदनी झा**

जनकपुरधाम । सिरहाको नवराजपुर गाउँपालिका-५ स्थित देवनगरकी २६ वर्षीया सोहानी यादव १२ वर्षकै हुँदा उनकी आमाको मृत्यू भयो । छोरीको मृत्यू भएपछि जेठी नातीनी सोहानीलाई पालनपोषणका लागि उनको हजुर बुबा रामअवतार यादव आफ्नै घरमा ल्याँइन् ।

सोहानी मामाको घर बस्न थालिन् । त्यहीँको स्थानीय स्कूलमा भर्ना भइन् । तर सोहानी मामा घर बस्न थालेको एक वर्षमै उनकी हजुरबुबा र हजुरआमाकी मृत्यू भयो । आमा गुमाएपछि सोहानीको सहरा बनेको हजुरबुबा र हजुरआमाको मृत्यू भएपछि पुनः बेसहरा बनिन् ।

मामा र माइजुले अर्काको छोरी पढाउन सकिँदैन् । बिहेमा दाइजो दिन्न सकिँदैन भन्दै भाञ्जी सोहानीलाई आफ्नै बुबाको घर पठाइन् । सोहानी बुबासँग बस्न पुनः आफ्नै घर पुगिन् । तर जाडरक्सीको लतमा फसेका बुवा रामकिशोर यादवले छोराछोरीलाई वास्त गर्नै छाड्यो ।

दाजुले भतिजाभतिजीलाई दुःख दिन थालेपछि सोहानीको काका राजकिशोरले उनीहरुलाई आफ्नो घर ल्याए । सोहानी भाईबहिनीसँग काकाको घरमा बस्न थालिन् । सोहानीको उमेर १६ वर्ष पुगेपछि काका राजकिशोरले उनको विहेको कुरा गर्न थाले । विहेमा लाग्ने खर्च जुटाउन दाजुको हिस्सामा रहेको खेत बेच्ने योजना बनाए । तर सोहानीकी बुबा रामकिशोरले खेत छोराका लागि रहेको भन्दै बेच्न नदिने अडान लिए ।

काका रामकिशोरले दाइजो नलिने केटा खोज्न थाले । त्यसपछि एक छिमेकीले सोहनीको काकाले खोजेकै जस्तै बिना खर्चकै बिहे गर्न तयार रहेको केटा खोजिए दिए । तर त्यो केटाको पहिले नै बिहे भएको र एउटी छोरी पनि रहेको ती छिमेकीले सोहानीकी काका रामकिशोरलाई सुनाए ।

काका रामकिशोरले घरमा सरसल्लाह गरे । केटा विवाहित भए पनि धनसम्पति भएको कारण घरमा सबै सहमत भए । तर त्यो कुरा सुहानीलाई जानकारी दिएनन् ।

विवाहको समय तय गरेर सोहानीलाई जनकपुर घुम्न जाउँ भन्दै घरबाट जनकपुरको विवाह मण्डपमा लगेर विहे गराइ दिए । विवाहपछि सोहानी श्रीमान्सँगै उनको घर सिरहाकै बरियारपट्टी गाउँपालिका-४ स्थित तेनुवापट्टी पुगिन् ।

ससुरामा एक महिना बसेपछि सोहानीलाई थाहा भयो । श्रीमान् विवाहित रहेछ । र एउटा छोरी पनि रहेको छ । आफूलाई काकाले विवाहित पुरुषसँग विवाह गराएदिएको थाहा पाएपछि घरम झैझगडा हुन थाले । तर पछि सोहानीले आफ्नो भाग्यमा नै विवाहित पुरुष रहेको भन्दै चित्त बुझाउन थालिन् ।

विवाहको ६ महिनापछि सोहानीकी श्रीमान् बैदेशिक रोजगारमा हिडे । घरमा सासु ससुराले सोहानीलाई दुःख दिन थाले । तर पनि सोहानी पीडा सहेर पनि ससुरामै बसे । विहेको १५ महिनापछि सोहानी छोरा जन्माइन । छोरा दुई वर्षको भएपछि श्रीमान् घर फर्के । श्रीमान् घर आएपछि सोहानीले नागरिकता बनाइदिन भने । तर सासू ससुराले नागरिकता बनाइ दिए अंश लिन्छ भनेर नागरिकता बनाउन अनाकानी गर्न थाले ।

सोहानी घरको काम भन्दा शीप सिकेर बाहिर केही गर्न चाहन्थे । त्यसका लागि उनले श्रीमान्लाई नागरिकता बनाइदिन भन्न थालिन् । तर श्रीमानले नागरिकता बनाउन चाहेन् । उनीहरुबीच नागरिकताको विषयमा झैँझगडा सुरु भयो ।

नागरिकताका लागि घरमा जति भने पनि बनाउने तयार नभएपछि सोहनी प्रहरीमा पुगिन् । कति चोटी प्रहरीमा छलफल गरे । तर पनि उनको श्रीमान्ले नागरिकता बनाउने सहमत भएन ।

त्यसपछि सोहानीले नागरिकता नबनाइदिने घरमा नबस्ने मनस्थित बनाइन् । र उनी छारालाई छाडेर प्रहरीमा पुगिन् । प्रहरीले मुक्ति नेपाल भनिने संस्थामा खबर गरेर ती संस्थाको जिम्मा लगादिए ।

सोहानी मुक्ति नेपाल सिरहामा सिलाई कटाइको तालिम लिन थलिन् । त्यहाँ ६ महिनाको तालिम सकेपछि ती संस्थाले सोहानीलाई सिन्धुलीमा पठाइ दिए । त्यहाँ पनि उनी ६ महिना बसिन् । सिन्धुलीबाट पुनः सिरहा फर्किन । तर मुक्ति नेपालले अब यहाँ बस्न नमिल्ने भन्दै परिवारको जिम्मा लगाउन खाजे । तर परिवारमा उनको जिम्मा लिने कोही तयार भएन ।

मुक्ति नेपाल नै महिला पुनर्स्थापना केन्द्र (ओरेक) को जिम्मामा सोहानीलाई जनकपुरधाम पठादिए । सोहानी त्यहाँ ६ महिना बसे । त्यसपछि उनलाई थप तालिमका लागि चितवन पठाए । चितवनमा पनि उनी ६ महिना सिलाई कटाइको तालिम गरिन् । र पुनः जनकपुरधाम फर्किन् ।

सिलाई कटाइको तालिम पूरा गरेपछि उनलाई कामका लागि (ओरेक) ले काठमाण्डु पठाइ दियो । त्यहाँ उनी केही महिना काम पनि गरिन् । तर नागरिकताको नभएको कारण उनलाई तलब लिन कठिनाई भयो । त्यहाँ तलब खातामा मात्रै दिने रहेछ । तलबका उनलाई आफ्नै खाता चाहिन्थ्यो वा जुन संस्थाले पठाइएको त्यही खातामा पैसा पठाउन मिल्ने भनियो ।

सोहानीलाई त्यहाँ तलब हात पार्ने कठिनाइ भयो । त्यसपछि उनी पुनः जनकपुर फर्किन ।

केही संस्थाहरुले दिएको सिलाई कटाइको सामग्री लिएर धनुषाको हंसपुर नगरपालिका-९ बालगंगा चोकमा एउटा कोठा भाडामा लिएर आफ्नै पसल खोलेर बसेका छिन् । करिब एक महिना अघि मात्रै श्रीमान् माथि अंश मुद्दा सिरहा जिल्ला अदालतमा दिएकी छिन् ।



*तस्बिरः एआई*

धनुषाको औरही गाउँपालिका-६ स्थित चक्करकी २२ वर्षीया सबिना खातुनको १६ वर्षकै उमेरमा विवाह भयो । आमाबुबाको सहमतीमै धनुषाकै सबैला नगरपालिका-१० स्थित खरयानीका जियाबुल अन्सारीसँग विवाह भयो ।

परिवारिक सहमतीमै विहे भएकाले सविनाको परिवारले विहेमा चार लाख नगर र सुनचान्दी दाइजो पनि दियो ।

विहे गरेर सविना ससुरा पुगिन् । एक महिनामै उनी श्रीमान्को जाडरक्सी खादौं रहेछ थाहा पाइन् । तर उनी जाड रक्सी समान्य रहेको भन्दै त्यति वास्ता गरेन् । तर जब श्रीमान् जियाबुल छेउमै बसेर अर्कै महिलासँग फोनमा (मेसेज) गरिरहेको हेरेपछि उनीहरुबीच विवाद हुन् थाल्यो ।

सविनाले श्रीमान् जियाबुले अर्कै महिलासँग प्रेम सम्बन्धमा रहेको सासूलाई भनेपछि सासूले उल्टै सविनालाई गाली गरे । केटा मान्छे हो दिनभर जहाँ रहेपनि राती तँ सँगै हुन्छ भन्दै सविनालाई सम्झाउन थाले ।

एकदिन गाउँमा मेला लागेको थियो । त्यो राती श्रीमान् जियाबुल रक्सी खाएर आए र सबिनालाई कुटपिट गरे । सबिना त्यहाँबाट भागेर माइता पुगिन् । श्रीमान् जियाबुल सविनालाई सम्झाउन बुझाउन ससुराली नपुगी केही दिनमै बैदेशिक रोजगारीमा साउदी पुगे ।

बैदेशिक रोजगारीमा साउदी पुगेको ६ महिनामै जियाबुल जेल परे । जेलबाटै जियाबुल श्रीमती सविनालाई फोन गरेर माफी माफी मागे जे गल्ती भयो भयो अब नहुने वचन दिए ।

सविलाई पनि श्रीमान् सुध्रियो जस्तो लाग्यो । जियाबुल साउदीको जेलबाट घर आएपछि सविना पनि माइताबाट ससुराली पुगिन् । एक वर्षसम्म राम्रो सम्बन्ध रह्यो । सविनाको नागरिकता र छोराको जन्मदर्ता पनि बनादिए ।

जियाबुल पुनः बैदेशिक रोजगारीमा जाने योजना बनाए । त्यसका लागि श्रीमती सविनालाई रुपैयाँ खोजदिन भने सविना पनि माइता बुबाआमासँग कुरा गरेर पैसाको जोहो गरदिए । सविनाले रुपैया माइताबाट ल्याएदिएपछि जियाबुल पुनः वैदेशिक रोजगारमा हिडे ।

सविना ससुरालीमा सासूसँगै बस्न थालिन् । बेलाबेलामा श्रीमान्सँग सविनाको कुरा भैइरहन्थ्यो । यसरी नै अढाई वर्ष वित्यो । जियाबुल नेपाल फर्के पनि श्रीमती सविनालाई आफू विदेशमै रहेको भनिरहे । एक दिन छिमेकै एकजनाले तिम्रो श्रीमान्लाई एउटी महिलासँग काठमाण्डौमा हेरेको भने । त्यसपछि सविना सासूको मोवाइल खोलेर हेर्दा त्यसमा एक महिलासँग श्रीमान्को फोटो हेरे । उनले त्यो सासूलाई भने तर छरछिमेकले यो कम्पूटरको जमाना हो कसैले जोड दिए होला भन्दै उनलाई सम्झाए ।

केहि महिनापछि श्रीमान् एक महिलालाई लिएर घर आए । ती महिलाको काँखमा एक महिनाको बच्चा पनि थिए । घर आएपछि सबैले थाहा पाए सविनाको श्रीमान् आफू भन्दा १० वर्ष जेठी अर्को विवाह गरेको छ ।

सविना सौतासँग नबस्ने भन्दै फेरि माइता आए ।



## श्री शंकर विद्यालय धनौजी
### धनौजी गाउँपालिका – २, धनुषा
### शिक्षक आवश्यकता सम्बन्धी सूचना

यस विद्यालयमा धनौजी गा.पा. अन्तर्गत रहेको श्री शंकर मा.बि. धनौजीमा वडा नं. २ को बजेटबाट कक्षा ० देखि कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट कक्षा संचालन गर्ने हुँदा बिद्यालयको छनौट समितिको मिति २०८२/१२/२० गतेको निर्णय अनुसार तपसिलको विवरण समेत योग्याता पुगेको नेपाली नागरीकबाट आवेदनको लागी विज्ञापन प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपसिलः

**विज्ञापन नं.**:-०१/२०८२/०८३
**पद** :- प्राथमिक शिक्षक
**सख्या** : ४ (चार)
**नियुक्तीको किसिम** :- करार
**आवश्यक न्यूनतम योग्याता** :- प्रविणता प्रमाणपत्र
**दरखास्त दिने अन्तिम मिति**:- २०८२/१२/२०. गते देखि २०८३/०१/०३ सम्म
**उमेर**:-१८ बर्ष पुरा भई ४० बर्ष ननाघेको
**आवेदन दस्तुर**:- १००० (एक हजार)
**तलब भत्ता**:-वि.व्य.स को निर्णय अनुसार
**परीक्षाको किसिम**:- लिखित र अन्तर्वार्ता
**सम्पर्क मिति**:-२०८३/०१/०४ गते
**आवश्यक कागजातहरु** :
(१) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी
(२) नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपी
(३) सम्पर्क नं. ९८०७६३२०९५(प्र.अ)
९८००८४२५७५ (वि.व्य.स.अ)

**प्रधानाध्यापक**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सुशासनको मर्ममाथि नैतिक स्खलनको प्रश्न

नेपाली राजनीतिमा पछिल्लो समय 'नयाँ शक्ति' र 'वैकल्पिक राजनीति' को नाराले जनतामा ठूलो आशा जगाएको थियो । पुराना दलहरूको बेथिति, नातावाद र कृपावादबाट वाक्क भएका नागरिकले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जस्ता शक्तिलाई परिवर्तनको संवाहक ठानेका थिए । तर, वर्तमान सरकारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीका रूपमा नियुक्त दीपक कुमार साह र उनकी पत्नी जुनु श्रेष्ठसंग जोडिएको पछिल्लो प्रकरणले 'नयाँ' भनिएकाहरूको चरित्रमा पनि गम्भीर प्रश्न खडा गरिदिएको छ । श्रममन्त्री नियुक्त भएको छोटो समयमै मन्त्री साहले आफ्नी पत्नी जुनु श्रेष्ठलाई स्वास्थ्य बीमा बोर्डको सदस्यका रूपमा 'पुनरागमन' गराउनु राजनीतिक नैतिकता र कानुनको ठाडो उपहास हो । स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २५ ले स्पष्ट रुपमा भनेको छ, 'बोर्डलाई जानकारी नदिइ लगातार तीन पटक बैठकमा अनुपस्थित भएमा सदस्यको पद रिक्त हुनेछ ।' श्रेष्ठ त झन् ११ महिनादेखि कुनै सूचना विना बोर्ड बैठकमा अनुपस्थित थिइन्, जसका कारण बोर्डले नै उनलाई हटाउन सिफारिस गरिसकेको थियो । यस्तो अवस्थामा, पति मन्त्री हुनासाथ कुन कानुनी आधारमा उनी बोर्ड बैठकमा सहभागी भइन् ? यो सरासर पद र शक्तिको दुरुपयोग हो । यो प्रकरणले दुईवटा मुख्य पक्षलाई उजागर गरेको छ । पहिलो, कानुनी राज्यको उपहास। ऐनले पद रिक्त भइसकेको ठहर गरिसकेको व्यक्तिलाई मन्त्रालयको दबाब वा प्रभावमा बैठकमा सामेल गराउनुले संस्थागत स्वायत्ततालाई ध्वस्त पारेको छ । दोस्रो, नैतिक स्खलन । बेलायत पढ्न जाँदा बोर्डलाई कुनै जानकारी नदिने र पछि पति सत्तामा पुग्दा 'मेरो कार्यकाल बाँकी नै छ' भन्दै बैठकमा हाजिर हुनुले श्रेष्ठको गैरजिम्मेवारीपन र मन्त्री साहको स्वार्थको द्वन्द्वलाई पुष्टि गर्दछ । सरकारले मन्त्री साहको मर्यादाक्रम घटाएर सांकेतिक कारबाही गरेको देखिए पनि, यो मात्र पर्याप्त छैन । सुशासनको कुरा गर्ने सरकारले यस्ता 'सेटिङ' र नातावादलाई प्रश्रय दिनुले जनतामा व्यवस्थाप्रति नै वितृष्णा पैदा गर्छ । यदि नयाँ भनिएका शक्तिहरू पनि पुरानै 'पिएलओ' (भाञ्जा, भतिजा, साढु, पत्नी) संस्कृतिमा रमाउने हो भने उनीहरू र पुराना दलबीच कुनै भिन्नता छैन भन्ने पुष्टि भएको छ । त्यसैले सुशासन भाषणमा नभइ व्यवहारमा देखिनुपर्छ । पद रिक्त भइसकेको अवस्थामा जुनु श्रेष्ठको बोर्ड बैठकमा प्रवेश पूर्णतः अवैधानिक छ । यस्तो गैरकानुनी कार्यलाई संरक्षण दिने श्रममन्त्री साह र यसमा मौन समर्थन जनाउने स्वास्थ्य मन्त्रालय दुवै उत्तिकै जिम्मेवार छन् । प्रधानमन्त्री बालेन्द्र साहले आफ्नो नेतृत्वको सरकारमा देखिएको यो पारिवारिक सेटिङलाई तत्कालै सच्याउनु पर्छ र दोषीमाथि कडा कदम चाल्नुपर्छ । अन्यथा, परिवर्तनको राँको बाल्ने दाबी गर्ने रास्वपा र यो सरकारको साख बालुवाको महल झैं भत्किने निश्चित छ ।

# सुधन गुरुङ मलाई पनि खासै मन पर्दैन



सञ्जीव कार्की

म पनि यही समाजको उत्पादन हुँ । जातीय मानसिक संरचनाको त्यही कथन, त्यही आधार, त्यही अवचेतन बोकेर बाँचिरहेको सामान्य नागरिक हुँ । त्यसैले म निःसङ्कोच भन्छु- मलाई पनि सुधन गुरुङ मन पर्दैन ।

तर यो अस्वीकृति व्यक्तिप्रतिको होइन । मभित्र बाँचिरहेको सामाजिक चेतना फक्रिएर बोलेको हो । रास्वपाका नेता-कार्यकर्तालाई पनि सुधन गुरुङलाई गृह मन्त्रालयजस्तो संवेदनशील, शक्तिशाली र रणनीतिक केन्द्रको नेतृत्व दिएको फिटिक्कै मन परेको छैन । उनीहरू बोल्न डराइरहेका छन् ।

मलाई सुधन मन नपर्नुको कारण थाहा छ । त्यसैले अपरीक्षित पात्रबारे उनको कार्यसम्पादन नहेरी मूल्याङ्कन गर्नु पूर्वाग्रह हो भन्ने कम्तीमा म ज्ञान राख्दछु । तसर्थ निरपेक्ष विरोध गर्नु हुँदैन । समस्या सुधनमा होइन, हाम्रो हेर्ने दृष्टिकोणमा छ । यो आलेख परीक्षित बन्नुअगावै समाजले गुरुङप्रति बनाएको शास्त्रीय र जातीय श्रेणीक्रमको दृष्टिकोणमा आधारित छ ।

### पहिचानसँग जुधिरहेको चेतना

हामीले नेतृत्वको एउटा निश्चित छवि निर्माण गरेका छौं । समाजले दशकौंदेखि एउटा खास शासकीय स्वरूप र पात्र देख्दै आएको छ । थरले मान्यता दिने, भाषाले स्तर निर्धारण गर्ने र हुलियाले योग्यता प्रमाणित गर्ने । यस्तो संरचनामा हुर्किएको मन र मनस्थितिले अलि फरक पृष्ठभूमिबाट आएको व्यक्तिलाई सहजै स्वीकार्दैन । सुधन गुरुङजस्ता पात्रहरू यही स्थापित मानक भत्काएर आएका हुन् । त्यसैले उनीप्रति असहज हुनु स्वाभाविक छ ।

तर यो स्वाभाविकता खतरनाक छ, किनकि यसले हाम्रो सोचमा गहिरो रूपमा गढिएको विभेदको सामान्यीकरण गर्छ । हामी अनायासै उनको थरबाट, हुलियाबाट, भाषाबाट, शैलीबाट, बडी ल्याङ्ग्वेजबाट योग्यताको मापन गर्न थाल्छौं । कार्यसम्पादनअघि नै फलानो जिम्मेवारीका लागि अयोग्य रहेको घोषणा गर्नतर्फ लाग्छौं ।

यो व्यक्तिगत कमजोरी होइन, सामाजिक संरचनाले मस्तिष्कमा पारेको प्रभाव हो । त्यसैले सुधन गुरुङजस्ता पात्रहरू, जो परम्परागत राजनीतिक श्रेणीक्रमभन्दा बाहिरबाट आएका छन्, उनीहरूलाई स्वीकार्न हाम्रो अवचेतन मस्तिष्कलाई गाह्रो लाग्छ । उनको योग्यताभन्दा पनि थर वा पृष्ठभूमिका आधारमा प्रश्न उठ्नु सामाजिक संरचनाकै उपज हो । त्यसैले रास्वपाका हजारौं नेता-कार्यकर्तालाई पनि सुधन मन नपरेको सत्य हो ।

### हुलिया र शैलीको राजनीति

हामी मन्त्री भन्नेबित्तिकै प्रायशः औपचारिक छवि, दौरा-सुरुवालमा ठाँटिएको, रातोपिरो खस आर्य समुदायको व्यक्ति वा पटक-पटक सत्तामा गएको राजनीतिक विरासत भएको जनजाति या मधेसीको कल्पना गर्छौं । टाई-सुट, अड्कलिएको कुटिल भाषा र दूरी कायम राखी गरिने व्यवहारको हामी अपेक्षा गर्छौं । सार्वजनिक मञ्चमा गजक्क परेर बस्ने र आफ्नो माहात्म्य सुनाएर हिंड्ने व्यक्ति हाम्रो छविमा मन्त्री या नेताको हो । जब सडकबाट आएको, सिधा बोल्ने, आडम्बरविहीन व्यक्ति त्यही ठाउँमा पुग्छ, हाम्रो चेतना विचलित हुन्छ ।

हामी त्यसलाई पचाउन नसकेर अनेकौं परम्परागत मानक र औपचारिकता नमिलेको ट्याग भिराएर अवमूल्यन गर्छौं । यो केवल शैलीको प्रश्न होइन; यो कसको शैलीलाई मान्यता दिने ? र, कसको शैलीलाई मान्यता नदिने भन्ने राजनीतिक-सांस्कृतिक चिन्तनबाट प्रभावित हुन्छ । जहाँ सादगीलाई कमजोरी र आडम्बरलाई क्षमता मानिन्छ ।

यसकारण सुधन गुरुङहरू अयोग्य देख्न थालिन्छ । कुनै व्यक्तिप्रति हाम्रो धारणा सधैं उसको वास्तविक क्षमतामा आधारित हुँदैन; धेरैजसो अवस्थामा त्यो हाम्रो चेतनाभन्दा गहिरो तहमा बसेका पूर्वनिर्धारित भाष्य, अनुभव र संरचनाबाट निर्देशित र पोषित हुन्छ ।

आममानिसलाई उनी मन नपर्नुको कारण उनी स्वयं होइनन्, बरु उनी हाम्रो समाजले बनाएको 'स्वीकार्य नेतृत्व'को परम्परागत छविसँग मेल नखानु हो । हामीले लामो समयदेखि एउटा निश्चित ढाँचामा शक्ति र नेतृत्वको कल्पना गरेका छौं । जहाँ थर, पृष्ठभूमि, भाषा र व्यवहारले नै व्यक्तिको योग्यता मापन गरिन्छ । यसैकारण, कुनै फरक पृष्ठभूमिबाट आएको व्यक्तिले नेतृत्वको उच्च तहमा पुग्दा हाम्रो चेतनाले हत्तपत्त स्वीकार गर्न इन्कार गरिरहन्छ ।

चुनावमा पार्टीहरूले टिकट दिने बेलामा समेत जात, पहुँच र पैसाको आधारमा दिने गरिन्छ । कतिपय जातजाति, महिला र अल्पसङ्ख्यकलाई चुनाव जित्ने हैसियत नै नभएको निर्क्योल चुनावअघि नै निकालिन्छ र प्रतिस्पर्धाको मैदानमा अयोग्य बनाइन्छ । हामी कसैको थर, लिङ्ग, हुलिया र आवरण हेरेर योग्यताको मापन गर्न थाल्छौं, जुन हाम्रो समाजमा जरा गाडेर बसेको जातीय पदानुक्रमको जड सङ्केत हो । यो केवल व्यक्तिगत पूर्वाग्रह होइन, यो हाम्रो सामूहिक मनोविज्ञानको प्रतिबिम्ब हो ।

सुधनको थर र खानदान सुन्नेबित्तिकै हामी उसको योग्यतामा प्रश्न गर्छौं । हाम्रो संरचनाले विद्वत्ता र नेतृत्वलाई एउटा निश्चित वर्ग वा समुदायको पेवाजस्तो बनाएको छ ।जब कुनै भुइँमान्छे वा पछाडि पारिएको समुदायको व्यक्ति उच्च ओहोदामा पुग्छ, तब समाजले उसको क्षमतालाई होइन, उसको उत्पत्तिलाई हेरेर न्याय गर्न खोज्छ । यस्तो न्याय एन्टोनियो ग्राम्सीले भनेझैं सांस्कृतिक प्रभुत्व हो, जहाँ शासक वर्गले आफ्नो मूल्य-मान्यतालाई नै एक मात्र सत्यका रूपमा स्थापित गरिदिएको हुन्छ । सुधनको जस्तो शैलीलाई अपरिपक्व वा हलुका देख्नु हाम्रो परम्परागत सामन्ती चेतनाको प्रारूप हो ।

### अनुभवहीनता र टिमको महत्त्व

शासकीय अनुभव नहुँदा प्रणाली बुझ्न समय लाग्न सक्छ । शासकीय अनुभव नहुनु एउटा वास्तविक प्रश्न हो । राज्य सञ्चालन जटिल प्रक्रिया हो र अनुभवको आफ्नै विशेष मूल्य हुन्छ । तथापि असल नियत र राम्रो टिम नै यसको अचुक औषधि हो । मन्त्रीले विज्ञहरूको सल्लाह सुन्ने र संस्थागत स्मृतिलाई उपयोग गर्न सक्ने टिम बनाउन सके भने अनुभवहीनतालाई क्षमताले प्रतिस्थापन गर्न सकिन्छ ।

शासकीय अनुभवको अभावप्रति शङ्का स्वाभाविक भए पनि, असल नियत र सक्षम टोली भएमा त्यस्तो कमी धेरै हदसम्म व्यवस्थापन गर्न सकिन्छ । समस्या तब सुरु हुन्छ, जब अनुभवको प्रश्न क्षमता परीक्षण नभएर अस्वीकारको आधार बन्छ । शासन व्यक्तिगत प्रतिभा मात्र होइन, सामूहिक क्षमताको परिणाम हो । त्यसैले प्रश्न अनुभवको मात्र होइन, प्रश्न हो- हामी कसरी मूल्याङ्कन गर्छौं ?

प्रजातन्त्रमा नागरिकले शासकलाई 'ब्लाइन्ड चेक' दिनु हुँदैन । शङ्काको प्रशस्त सुविधासहितको शुभकामना नै सबैभन्दा सन्तुलित दृष्टिकोण हो । यसले उनीहरूलाई काम गर्ने अवसर पनि दिन्छ र साथसाथै खबरदारी पनि गरिरहन्छ । नयाँ मन्त्रिपरिषद्ले प्रशासनिक संयन्त्रलाई आफ्नो भिजनअनुसार चलाउन सक्ला ? वा अनुभवहीनताकै कारण कर्मचारीतन्त्र उनीहरूमाथि हावी होला ? यो प्रश्न भने जबर्जस्त आइरहने प्रश्न हो ।

गुरुङका मानवीय कमजोरी वा कार्यक्षमतामाथि प्रश्न उठाउनु लोकतान्त्रिक अधिकार हो । तर, उनको हुलिया र पृष्ठभूमिकै आधारमा उनलाई निषेध गर्न खोज्नु संरचनागत पूर्वाग्रह नै हो । यो मन्त्रिपरिषद्ले यदि यी अपरीक्षित पात्रहरूलाई निर्बाध काम गर्ने ठाउँ दियो भने, यसले भविष्यमा नेपालको शासकीय स्वरूपलाई अझ बढी समावेशी र भुइँ-स्तरको बनाउन मद्दत पुऱ्याउनेछ । सुधन गुरुङको हुलिया, बोल्ने शैली र खानदानप्रति हाम्रो समाजले गर्ने टिप्पणी केवल व्यक्तिगत मनमुटाव मात्र होइन, यो त हाम्रो संरचनागत चिन्तनको उपज हो ।लोकतन्त्रमा नागरिकले प्रश्न उठाउनै पर्छ । तर प्रश्न र पूर्वाग्रहबीचको भिन्नता स्पष्ट हुनुपर्छ । शङ्काको सुविधा दिनु भनेको अवसर दिनु हो । काम गर्न, प्रमाणित गर्न र असफल भए आलोचना सहन सिकाउनु हो । तर सुरुवातमै निष्कर्ष निकाल्नु भनेको लोकतान्त्रिक प्रक्रियालाई नै अवरुद्ध गर्नु हो ।

> सन्तुलनको आवश्यकता सुधनका लागि अहिलेको मुख्य चुनौती भनेको आफ्नो मौलिक भुइँ-स्वभाव नत्यागी राजकीय जिम्मेवारीका प्रोटोकलहरूलाई कसरी कुशलतापूर्वक निर्वाह गर्ने भन्ने नै हो । हाम्रो समाजले सुन्ने गरेको भाष्य र सुधनले देखाएको यथार्थबीचको खाडललाई उनले आफ्नो कार्यशैलीबाटै पुर्नुपर्ने देखिन्छ । यदि उनले पदको मर्यादा राख्दै आफ्नो इमानदार स्वभावलाई काममा बदल्न सके भने, यसले नेपालको राजनीतिमा नयाँ शासकीय संस्कृतिको जग बसाल्नेछ । मलाई थाहा छैन सुधनले कस्तो काम गर्छन् । मेरो चासो कति मात्र हो भने उनको पद बहालीलाई लिएर हाम्रो समाजले उनीप्रति कस्तो प्रतिक्रिया दियो र किन पूर्वाग्रह राख्यो । हामी दलित, जनजाति, मधेसी, महिला र अल्पसंख्यकप्रति कस्तो मनोवैज्ञानिक विकार पालेर बसेका छौं र किन ?

### खतरा कहाँ छ ?

सुधन गुरुङ मन नपर्नु कुनै अनौठो विषय होइन, ठूलो कुरा के हो भने हामी किन मन पराउँदैनौं ? कारण उनको काम होइन, उनको थर, शैली, पृष्ठभूमि र हाम्रो अभ्यस्त मानसिकता हो । खतरा हाम्रो नियत हो । हामी नयाँलाई अस्वीकार गर्ने बानीबाट बाहिर ननिस्किएसम्म कुनै पनि परिवर्तन केवल नाम मात्रको हुनेछ । त्यसैले अहिलेको सबैभन्दा जिम्मेवार दृष्टिकोण के हो भने न अन्ध समर्थन, न अन्ध विरोध । बरु, सजग आलोचना र सम्भावनाप्रति खुला मनले स्वीकार भाव प्रकट गर्नु हो ।

जनप्रतिनिधि कुनै राजदरबारमा योजनाबद्ध रूपमा उत्पादन गरिएका व्यक्ति होइनन् । झन् रास्वपा गठनको चार वर्षसमेत पुगेको छैन । उनीहरू समाजको बहुविध धरातलबाट उदाएका पात्र हुन् । राजपरिवारका सदस्यहरू भने भविष्यमा राजा, युवराज वा राजकुमारी बन्ने निश्चित भूमिकाका लागि सानैदेखि विशेष ढङ्गले तयार पारिन्छन् । उनीहरूको शिक्षादेखि व्यवहारसम्म कसरी बोल्ने, कहाँ बोल्ने, कोसँग घुलमिल हुने सबै कुरा निश्चित प्रोटोकल र अनुशासनभित्र प्रशिक्षण गरिन्छ ।

उनीहरूको जीवन पूर्वनिर्धारित मार्गमा अगाडि बढाइन्छ । तर जनप्रतिनिधिहरूको यात्रा बिलकुल फरक हुन्छ । उनीहरू कोही सामाजिक सेवाबाट, कोही आन्दोलन र अभियानबाट, कोही शैक्षिक, धार्मिक वा पेसागत क्षेत्रबाट राजनीतिमा प्रवेश गर्छन् । त्यसैले उनीहरूको व्यक्तित्व, सोच र अभिव्यक्ति पनि विविध हुन्छ । यही विविधता नै लोकतन्त्रको शक्ति हो, कमजोरी होइन । यस सन्दर्भमा गुरुङ पनि त्यही प्रक्रियाबाट आएका एक प्रतिनिधि हुन् ।

उनी कुनै विशेष राजसी प्रशिक्षणबाट आएका होइनन्, बरु सामाजिक-राजनीतिक प्रक्रियामा सक्रिय हुँदै जनताको अनुमोदन प्राप्त गरेर संसद्सम्म पुगेका व्यक्ति हुन् । उनीजस्तै अन्य सांसदहरू पनि जनताकै दैलोबाट वैधता प्राप्त गरेर आएका छन् ।राष्ट्रिय स्वतन्त्र पार्टी आफैँमा युवा ऊर्जा र नयाँ सोचको प्रतिनिधित्व गर्ने दल हो, जहाँ युवाहरूको उल्लेख्य उपस्थिति छ । सुधन गुरुङ पनि त्यही पुस्ताका एक प्रतिनिधि हुन् । त्यसैले उनको योग्यता र क्षमता आजकै आधारमा अन्तिम निष्कर्ष निकाल्नु हतारो हुनेछ । लोकतान्त्रिक अभ्यासमा कुनै पनि जनप्रतिनिधिको मूल्याङ्कन उनको विगतको प्रोटोकल होइन, वर्तमानको कार्यसम्पादन र भविष्यको योगदानले निर्धारण गर्छ । त्यसैले सुधन गुरुङको मूल्याङ्कन पनि उनले गर्ने काम, लिने निर्णय र जनताप्रतिको उत्तरदायित्वको आधारमा गर्नु न्यायोचित हुन्छ ।

### प्रोटोकल र संस्थागत गरिमा

व्यक्तिगत स्वभाव भलाद्मी हुनु एउटा पक्ष हो, तर महत्त्वपूर्ण पदमा पुगेपछि केही निश्चित मर्यादा र प्रोटोकलहरूको पालना गर्नु अपरिहार्य हुन्छ । प्रोटोकल किन ? यो केवल व्यक्तिगत प्रदर्शनका लागि होइन, बरु उनले प्रतिनिधित्व गर्ने संस्थाको गरिमा र अन्तर्राष्ट्रिय छवि जोगाउनका लागि हो ।

सन्तुलनको आवश्यकता सुधनका लागि अहिलेको मुख्य चुनौती भनेको आफ्नो मौलिक भुइँ-स्वभाव नत्यागी राजकीय जिम्मेवारीका प्रोटोकलहरूलाई कसरी कुशलतापूर्वक निर्वाह गर्ने भन्ने नै हो । हाम्रो समाजले सुन्ने गरेको भाष्य र सुधनले देखाएको यथार्थबीचको खाडललाई उनले आफ्नो कार्यशैलीबाटै पुर्नुपर्ने देखिन्छ । यदि उनले पदको मर्यादा राख्दै आफ्नो इमानदार स्वभावलाई काममा बदल्न सके भने, यसले नेपालको राजनीतिमा नयाँ शासकीय संस्कृतिको जग बसाल्नेछ । मलाई थाहा छैन सुधनले कस्तो काम गर्छन् । मेरो चासो कति मात्र हो भने उनको पद बहालीलाई लिएर हाम्रो समाजले उनीप्रति कस्तो प्रतिक्रिया दियो र किन पूर्वाग्रह राख्यो । हामी दलित, जनजाति, मधेसी, महिला र अल्पसङ्ख्यकप्रति कस्तो मनोवैज्ञानिक विकार पालेर बसेका छौं र किन ?

सुधन लोकतान्त्रिक प्रक्रियाको सबैभन्दा स्वच्छ चुनावमार्फत विजयी भएर आएका जनप्रतिनिधि हुन् । यसअघि जसरी शेरबहादुर देउवा, खुमबहादुर खड्का, भीमबहादुर रावल, रामबहादुर थापा, शक्ति बस्नेत, रवि लामिछाने र रमेश लेखकलगायत गृहमन्त्री बनेका थिए ।सुधनले गलत काम गरेमा दण्डभागी हुनेछन् । राम्रो काम गरे सम्मानित । उनको कामको घाटा रास्वपा पार्टी, सभापतिको रूपमा रवि लामिछाने र प्रधानमन्त्रीको रूपमा बालेन्द्र शाहलाई हुनेछ । रास्वपाले बालेन्द्र शाहको नेतृत्वमा गठन भएको सरकारलाई नकाम गर्ने छुट मात्रै नभएको होइन, काम नगरी बस्ने छुट पनि छैन ।रातोपाटी

# "काठ छुनु भनेको मान्छे मार्नुभन्दा ठुलो अपराधजस्तो देखिनु विडम्बना हो"



भारती पाठक

नेपालको वन क्षेत्र, विशेषगरी बागमती प्रदेश प्राकृतिक स्रोतले सम्पन्न छ । विडम्बना, आफ्नै वनमा काठ कुहिएर गइरहेका छन् । उपभोक्ताहरू महँगो मूल्यमा विदेशी विकल्प वा कृत्रिम सामग्री प्रयोग गर्न बाध्य छन् ।

यो समस्याको जड 'प्रचुरताको अभाव' नभई ' नीतिगत कमजोरी र नियन्त्रणमुखी मानसिकता' हो । हाम्रो वनमा काठ पर्याप्त छ, तर सरकारको नीति र कर्मचारीतन्त्रको त्रासले गर्दा उपभोक्ताले त्यसको सुलभ लाभ पाउन सकेका छैनन् ।

### विद्यमान समस्या र चुनौतीहरू

**१. नीतिगत अस्पष्टता र संघीय द्वन्द्वः**

प्रदेश सरकारले आफ्नै वन ऐन ल्याए पनि संघीय कानुनसँग बाझिँदा कार्यान्वयनमा समस्या आएको छ । बागमती प्रदेशले २०७५ मा ऐन ल्याए पनि संघीय ऐन २०७६ मा आउँदा प्रदेशको ऐन परिमार्जन गर्नुपर्ने चुनौती छ ।

**२. कानुनी त्रास र त्रसित मनोविज्ञानः**

वनका कर्मचारी र उपभोक्ता दुवैमा काठ निकाल्दा वा छुँदा मुद्दा लाग्ने र जेल जानुपर्ने ठुलो डर छ । यसले गर्दा ढलापडा र सुकेका काठ पनि जङ्गलमै सडेर जाने अवस्था छ ।

**३. अत्यधिक महँगो मूल्यः**

स्वदेशी काठको मूल्य बजारमा प्रतिक्युबिक फिट ७ हजार देखि ८ हजार रुपैयाँसम्म पुगेको छ । यसले गर्दा उपभोक्ताहरू काठको विकल्पमा यूपीभीसी, आलुमिनियम र प्रि-फ्याबतर्फ आकर्षित भइरहेका छन् ।

**४. झन्झटिलो प्रशासनिक प्रक्रियाः**

सामुदायिक वनको कार्ययोजना बनाउने र काठ आपूर्तिका प्रक्रियाहरू अत्यन्तै जटिल छन् । आपूर्ति समितिहरू प्रभावकारी र पारदर्शी हुन सकेका छैनन् ।

**५. स्थानीयकरणको अभावः**

बनेका कानुनहरूबारे तल्लो तहका उपभोक्तालाई जानकारी छैन । कानुनले दिएका अधिकार र सुविधाबारे उपभोक्ता अनभिज्ञ हुँदा कार्यान्वयन पक्ष फितलो भएको छ ।

**६. निजी वनको बेवास्ताः**

निजी क्षेत्र र पारिवारिक वनमा रहेका काठ (जस्तैः सालको रुख) ओसारपसार र कटानीमा अझै पनि व्यवहारिक झन्झटहरू कायम छन् ।

**७. निकासी र ढुवानीमा समस्याः**

एउटै जिल्ला वा एउटै पालिकाभित्र काठ ओसारपसार गर्दा पनि ठाउँ-ठाउँमा समाइने र दुःख दिने प्रवृत्तिले मान्छेहरू त्रसित छन् ।

वनलाई समृद्धिसँग जोड्ने चुनौती र अबको बाटो

वन क्षेत्रमा डरको मनोविज्ञान कायम छ । अहिले वनका काठ वा पैदावार छुने कुरा मान्छे मारेको भन्दा ठुलो मुद्दा लाग्छ भन्नेजस्तो देखिन्छ । सबै मान्छे त्रसित छन् । जङ्गलमा गएर एउटा रुख काट्दा अर्को रुखलाई अलिकति चोट लाग्यो भने पनि मुद्दा लाग्छ भन्ने खालको डर छ ।यो त्रास केवल उपभोक्तामा मात्र होइन, वन कर्मचारीहरूमा पनि छ । यही डरका कारण ढलापडा र सुकेका काठहरू समयमै निकाल्न सकिएको छैन । ढलापडा र सुकेका काठ निकाल्छौं भनेर प्रदेशले निर्णय गर्न सक्छ, तर संघीय कानुनले धेरै कुरा कन्ट्रोल गर्छ । संघीय स्तरमा स्पष्ट निर्णय नहुँदा प्रदेशले मात्रै आँट गर्दा समस्या हुन्छ भन्ने डरले काम रोकिएको छ ।

बजारमा काठको मूल्य आकासिँदै जाँदा सर्वसाधारणले बाध्यताका कारण यसको विकल्प खोज्न थालेका छन् । वास्तवमै हाम्रो जङ्गलमा हामीले हुर्काएको काठ एकदमै महँगो छ । बजारमा आइपुग्दा प्रतिक्युबिक फिट ७ देखि ८ हजार रुपैयाँ पुग्छ । यति महँगो भएपछि कसले प्रयोग गर्न सक्छ ? अनि मान्छेले काठको विकल्पमा यूपीभीसी र आलुमिनियम प्रयोग गर्न थाल्छन् ।घर बनाउँदा मान्छेले रहरले आलुमिनियम हालेका होइनन् । काठ नभएर पनि होइन । काठ ल्याउने प्रक्रिया झन्झटिलो र मूल्य महँगो भएर यस्तो भएको हो । उपभोक्ताले वन संरक्षण गरे बापतको लगानी उठाएर बाँकी काठ सरल रूपमा उपलब्ध गराउने वातावरण बनाउने हो भनेमात्र घर र फर्निचरमा काठको प्रयोग बढ्छ ।

प्रदेशले संघीय सरकारभन्दा पहिले नै वन ऐन ल्याए पनि त्यसको सफल कार्यान्वयन हुन सकेको छैन । बागमती प्रदेशको वन ऐन २०७५ मा आयो, संघीय ऐन २०७६ मा मात्र बन्यो । विडम्बना, २०७५ सालदेखि अहिलेसम्म प्रदेशको ऐन प्रभावकारी रूपमा कार्यान्वयन भएको छैन । भर्खरैमात्र हामीले पहल गरेर यसलाई संशोधनमा लगेका छौं ।सरकारी निकायले ल्याउने 'श्वेतपत्र' हरू पनि कागजमै सीमित छन् । प्रदेश सरकारले आफ्नै प्रदेशको काठ प्रयोग गर्ने भनेर श्वेतपत्र निकाल्यो, तर त्यो पर्याप्त छैन । सरकारी भवनहरूले नै यसको सुरुवात गर्नुपर्ने हो । तर व्यवहारमा त्यस्तो देखिएको छैन । कर्मचारीतन्त्र र नीति निर्माताहरूमा अझै पनि नियन्त्रणमुखी कानुन नै बनाउनुपर्छ भन्ने पुरातन सोच हाबी छ ।

कानुन बने पनि त्यसको जानकारी तल्लो तहसम्म नपुग्नु अर्को ठुलो चुनौती छ । हामी कानुन त बनाउँछौं, तर त्यसको स्थानीयकरण गर्दैनौं । जनतालाई कानुन बुझाउनै सकिएको छैन । संघीय वन ऐन २०७६ ले सामुदायिक वनको आम्दानीको ५० प्रतिशत रकम गरिब, महिला र उद्यमशीलतामा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ, तर गाउँका उपभोक्तालाई अझै पनि पुरानो ३५ प्रतिशतकै मार्गदर्शन मात्र थाहा छ ।उपभोक्तालाई आफ्नो अधिकारबारे जानकारी नहुँदा राज्यका संरचनाहरूले उनीहरूलाई सहजीकरण गर्नुको साटो झन्झट दिने गरेको छ । उपभोक्तालाई जानकारी गराउने काम राज्यको हो । यदि उनीहरूलाई आफ्नो अधिकार थाहा हुन्थ्यो भने अधिकारका लागि आवाज बुलन्द गर्थे । कार्यान्वयन तहमा अहिले ठुलो लापर्बाही देखिएको छ ।

नेपाललाई काठमा आत्मनिर्भर बनाउन निजी र पारिवारिक वनको भूमिका महत्त्वपूर्ण हुन्छ, तर त्यहाँ पनि नीतिगत गाँठो फुक्न बाँकी छ । अहिले निजी वनको साल काट्न पाइने भनिएको छ, तर धेरैलाई यो कुरा थाहै छैन । आफ्नो खेतबारीको रुख काटेर एक ठाउँबाट अर्को ठाउँ लैजान खोज्दा पनि ठाउँ-ठाउँमा समाइन्छ । यस्तो भएपछि मान्छे त्रसित हुनु स्वाभाविक हो । वनलाई केवल 'काठ' को रूपमा मात्र हेरिनु हुँदैन । वन भनेको पर्यापर्यटन र जडीबुटी पनि हो । बागमतीका मकवानपुर, चितवन र सिन्धुलीमा सालको काठ छ भने अन्य जिल्लामा जडीबुटी र पर्यटनको सम्भावना छ । यी सबैलाई एकीकृत रूपमा विकासको अवधारणा अघि बढाउनु पर्छ ।

वन व्यवस्थापन र वन पैदावार उपभोगमा प्रदेश सरकार निर्धक्क भएर अगाडि बढ्न सक्नुपर्छ । प्रदेश सरकार कहिले संघसँग त कहिले स्थानीयसँग डराएर खुट्टा कमाउँछ । यसरी डराएर हुँदैन । आफ्नै स्रोतलाई उपयोग गरेर रोजगारी सिर्जना गर्ने र आयात प्रतिस्थापन गर्ने गरी काम गर्नुपर्छ । वन व्यवस्थापनलाई 'हरित उद्यम'सँग जोडेर उपभोक्तामैत्री बनाइनुपर्छ । काठ निकाल्ने प्रक्रियालाई पारदर्शी र सरल बनाउँदै आपूर्ति समितिको कामलाई प्रभावकारी बनाउनु पर्छ ।

यदि सरकारले यी नीतिगत र व्यावहारिक अड्चनहरू फुकाउने हो भने विदेशी काठ र कृत्रिम सामग्रीको आयात रोकेर स्वदेशी वनबाटै समृद्धि सम्भव छ ।हामी स्रोतमाथि सुतेका छौं, तर प्रक्रियाको साङ्लोले बाँधिएका कारण गरिब छौं । यो विषय नीति निर्माण तहबाट कार्यान्वयन हुनु आजको आवश्यकता हो ।(पाठक बागमती प्रदेशसभा सदस्य एवं सामुदायिक वन उपभोक्ता महासंघ बागमती प्रदेशकी पूर्व अध्यक्ष हुन् ।)रातोपाटी

# नेपाली श्रमिकको उद्धार योजना बनाउन सरकारको ध्यानाकर्षण



काठमाण्डु । राष्ट्रियसभाका सदस्यहरूले मध्यपूर्वी क्षेत्रमा बढ्दो तनावका कारण त्यहाँ कार्यरत नेपाली श्रमिकमाथि हुनसक्ने जोखिम मूल्याङ्कन गर्दै तत्काल उद्धार योजना बनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ । सभाको आजको बैठकको विशेष समयमा उहाँहरूले दैनिक उपभोग्य वस्तुको अस्वभाविक मूल्य नियन्त्रण गरेर जनतालाई राहत दिन सुझाव दिनुभयो ।

नेपाली कांग्रेसका सांसद नारायणदत्त भट्टले सरकारले पश्चिम एसियाको द्वन्द्वपछि कामको खोजीमा खाडी मुलुकमा गएका नेपालीले सुरक्षित रूपमा स्वदेश फर्किने अवस्था बनाउनुपर्ने माग गर्नुभयो । उहाँले गृहमन्त्री सुधन गुरुङको नाममा पोखराको जग्गा प्रकरण सम्बन्धी छानविन गरी स्पष्ट पार्न माग गर्दै सरकारलाई आफ्नो उत्तरदायित्व पूरा गर्न माग गर्नुभयो । सांसद भट्टले परराष्ट्रलाई नीति सही ट्र्याकमा ल्याई अघि बढ्न सरकारलाई सुझाव दिनुभयो ।

कांग्रेसका सांसद खम्बबहादुर खातीले मध्यपूर्वी क्षेत्रमा विकसिकत तनावका कारण प्रत्येक नेपाली प्रभावित हुँदै गइरहेकाले तत्काल राहतका कार्यक्रम ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सम्पत्ति शुद्धीकरणका नाममा पूर्वाग्रह राखेर विभिन्न नेतामाथि मुद्दा लगाउने कार्य गरिरहेको जिकिर गर्दै उहाँले त्यस्ता कार्य तत्काल रोक्न माग गर्नुभयो ।

कांग्रेसका सांसद विष्णुकुमारी सापकोटाले सरकार जेनजीको भावना र नागरिकको चाहनाअनुसार अघि बढ्नुपर्नेमा जोड दिँदै सरकारका असल कामको प्रतिपक्षले समर्थन गर्ने बताउनुभयो । “सरकारले राम्रा कामको थालनी गरेको छ, अब मुलुकको समृद्धिका लागि सङ्घ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिसँगको छलफलबाट नयाँ योजना लिनुपर्छ”, उहाँले भन्नुभयो ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सांसद सुरेश आले मगरले लोकप्रियताका नाममा सरकार गैरसंवैधानिक बाटोमा अघि बढ्न सक्ने भन्दै त्यसप्रति संसद् सचेत हुनुपर्ने बताउनुभयो । “सरकारले गरेको सकारात्मक र नकारात्मकताका आधारमा समर्थन र विरोध गर्नेछौं, राम्रा काम गरे ताली बजाउछौं, नराम्रो काम गरेर खबरदारी गर्नेछौं”, उहाँले भन्नुभयो ।

नेकपाका सांसद भुवनबहादुर सुनारले वर्तमान सरकारले किसानका मुद्दालाई प्राथमिकतामा राख्नुपर्ने र ‘जसको जोत, उसको पोत’ नारा व्यहारकमा लागु गर्नुपर्ने बताउनुभयो ।

साथै उहाँले किसानले आफ्नो उत्पादनको मूल्य पाउनका लागि धर्ना बस्नुपर्ने अवस्था अन्त्य गर्न माग गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद रोश्नी मेचेले विद्यार्थीहरूलाई सङ्गठित हुन नदिने सरकारको निर्णयले विद्यार्थीको हकअधिकार कुण्ठित हुन सक्ने जोखिम बढेको बताउनुभयो । “देशविदेशका विश्वविद्यालयमा नेपाली विद्यार्थी मर्कामा पर्दा विद्यार्थी सङ्गठनहरूले नै आवाज उठाउने गरेका इतिहास छ, विद्यार्थीको हकहितमा केन्द्रित सङ्गठनलाई समाप्त पार्नु खोज्नु विद्यार्थी आन्दोलनप्रतिको अपमान हो”, उहाँले भन्नुभयो ।रासस

> “सरकारले गरेको सकारात्मक र नकारात्मकताका आधारमा समर्थन र विरोध गर्नेछौं, राम्रा काम गरे ताली बजाउछौं, नराम्रो काम गरेर खबरदारी गर्नेछौं”

# मित्र राष्ट्रसँगको सम्बन्ध अझ सुदृढ बनाउन सरकार उत्सुक छ : प्रधानमन्त्री शाह



काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले नेपालस्थित विभिन्न कूटनीतिक नियोगका प्रमुख एवं राजदूतहरूलाई उहाँहरूले प्रतिनिधित्व गर्ने मित्र राष्ट्रहरूसँगको सम्बन्धलाई अझ सुदृढ बनाउन नेपाल सरकार उत्सुक रहेको बताउनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार शिष्टाचार भेट गर्न पुग्नुभएका नियोग प्रमुखहरूलाई प्रधानमन्त्री शाहले सरकार सबै देशहरूसँगको सम्बन्धलाई उच्च महत्त्व दिनुका साथै विश्वासका आधारमा पारस्परिक लाभमा आधारित साझेदारी सुदृढ गर्न प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।“नेपालले सन्तुलित र व्यावहारिक वैदेशिक नीतिको अनुसरण गर्दै आएको छ । हाम्रो बाह्य सम्बन्ध साझा समृद्धिको लक्ष्यद्वारा निर्देशित छ,” प्रधानमन्त्री शाहले भन्नुभयो, “नेपालको विकास र समृद्धिका लागि निरन्तर सद्भाव र सहयोग प्रदान गर्नुभएकामा हामी सबै साझेदार तथा मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।”

विश्वमा जारी द्वन्द्वहरूले सर्वसाधारण नागरिकलाई सबैभन्दा बढी असर पार्ने भएकाले शान्ति साझा प्राथमिकता हुनुपर्नेमा उहाँको जोड थियो । प्रधानमन्त्री शाहले भन्नुभयो, “चलिरहेका द्वन्द्वहरूले सर्वसाधारण नागरिकलाई सबैभन्दा बढी असर पार्ने भएकाले शान्ति हाम्रो साझा प्राथमिकता रहनुपर्छ । यसमा हामी सबै सहमत छौं भन्ने विश्वास लिएको छु र यस दिशामा सामूहिक प्रयासको अपेक्षा गर्दछु । यहाँ उपस्थित सबै मित्रहरूलाई नेपालको निरन्तर मित्रता र सहयोगका लागि धन्यवाद दिन चाहन्छु ।”

प्रधानमन्त्री शाहले नेपाल सरकार लगानीका लागि अनुकूल वातावरण निर्माण गर्न,उद्यमशीलतालाई प्रोत्साहन गर्न तथा दिगो विकासलाई समर्थन गर्न प्रतिबद्ध रहेको पनि बताउनुभयो । उहाँले राष्ट्रिय हितअनुकूल हुनेगरी नेपाललाई क्षेत्रीय तथा वैश्विक आर्थिक संरचनामा अझ मजबुत रूपमा समेट्ने लक्ष्य राखिएको पनि उल्लेख गर्नुभयो ।

“नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद हुनु होइन । हामी राजनीतिक स्थायित्व कायम राख्न तथा नीतिगत दिशालाई स्थिर र पूर्वानुमानयोग्य बनाइराख्न दृढ प्रतिबद्ध छौं,” प्रधानमन्त्री शाहले भन्नुभयो । उहाँले विकास, व्यापार, लगानी, जलवायु अनुकुलनका कार्य तथा जनस्तरको सम्बन्धजस्ता विभिन्न क्षेत्रमा सहकार्य अघि बढाउन सरकार इच्छुक रहेको जानकारी दिनुभयो ।

यसैगरी विदेशमा रहेका नेपाली नागरिकको सुरक्षा र हित सरकारको प्राथमिकतामा रहेको विषयमा उहाँले जोड दिनुभयो ।

विभिन्न देशका राजदूत तथा कूटनीतिक नियोग प्रमुखहरूद्वारा सामूहिक शिष्टाचार भेट

प्रधानमन्त्री वालेन्द्र शाहसँग नेपालस्थित विभिन्न देशका कूटनीतिक नियोगका प्रमुख एवं राजदूतहरूले बुधबार सामूहिक शिष्टाचार भेट गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा उहाँहरूले प्रधानमन्त्री शाहसँग भेट र संवाद गर्नुभएको हो । सो अवसरमा भारत, पाकिस्तान, दक्षिण कोरिया, संयुक्त अधिराज्य, कतार, स्विट्जरल्याण्ड, फ्रान्स, इजरायल, जापान, बङ्गलादेश, जर्मनी, इजिप्ट, श्रीलङ्का, साउदी अरेबिया, चीन, संयुक्त राज्य अमेरिका र संयुक्त राष्ट्र सङ्घका राजदूत एवं नियोग प्रमुखहरूको उपस्थिति रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

त्यस अवसरमा राजदूत एवं नियोग प्रमुखहरूले प्रधानमन्त्री शाहलाई बधाई ज्ञापन गर्दै उहाँको सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्नुभयो । उहाँहरूले नेपाली जनताको हितमा परिणाम दिनेगरी नेपाल सरकारका कार्यहरूमा समर्थन र सहयोगको प्रतिबद्धता वक्त गर्नुभएको थियो ।

सन्तुलित र व्यावहारिक परराष्ट्र नीतिमा नेपाल स्पष्ट रहेको बताउँदै प्रधानमन्त्री शाहले छिमेकी, मित्र राष्ट्र र विकास साझेदारहरूसँग विश्वास, पारस्परिक सम्मान र साझा समृद्धिमा आधारित सम्बन्धलाई अझ प्रगाढ बनाइने विश्वास व्यक्त गर्नुभयो ।प्रधानमन्त्री शाहले शान्ति सबैको साझा प्राथमिकता हुनुपर्नेमा जोड दिँदै विश्वभर रहेका नेपाली समुदाय एवं श्रम गर्न गएका सबै नेपाली नागरिकको सुरक्षा र हित नेपाल सरकारको उच्च प्राथमिकतामा रहने स्पष्ट पार्नुभयो । सुशासन, आर्थिक विकास र नेपाली जनताको जीवनस्तर सुधारमा सरकार दृढ प्रतिबद्ध रहेको उहाँको भनाइ छ ।

सो अवसरमा परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असीम शाह, मुख्यसचिव सुमनराज अर्याल, परराष्ट्र सचिव अमृतबहादुर राई र अन्य सरकारी उच्च अधिकारीहरूको पनि उपस्थिति रहेको थियो ।रासस

> “चलिरहेका द्वन्द्वहरूले सर्वसाधारण नागरिकलाई सबैभन्दा बढी असर पार्ने भएकाले शान्ति हाम्रो साझा प्राथमिकता रहनुपर्छ । यसमा हामी सबै सहमत छौं भन्ने विश्वास लिएको छु र यस दिशामा सामूहिक प्रयासको अपेक्षा गर्दछु । यहाँ उपस्थित सबै मित्रहरूलाई नेपालको निरन्तर मित्रता र सहयोगका लागि धन्यवाद दिन चाहन्छु ।”

## राष्ट्रियसभाको पौने २ घण्टा :
# सरकारका कामको प्रशंसादेखि खबरदारीसम्म

काठमाण्डु । सङ्घीय संसद् राष्ट्रियसभा अन्तर्गतका चारवटै विषयगत समितिले आ-आफ्नो नेतृत्व पाएको छ । उक्त सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सहमतिमा मङ्गलबार चारवटै संसदीय समितिका सभापति निर्विरोध हुनुभएको थियो ।

निर्विरोध निर्वाचित हुनेमा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति पूजा चौधरी, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति जयन्तीदेवी राई, विकास, आर्थिक मालिमा तथा सुशासन समितिका सभापति कृष्णप्रसाद पौडेल र विधायन व्यवस्थापन समितिका सभापति कृष्णबहादुर रोकाया हुनुहुन्छ ।सङ्घीय संसद् सचिवालयमा बुधबार आयोजित कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले उहाँहरूलाई शपथ गराउनुभयो । शपथलगत्तै उहाँहरूले आ-आफ्नो समितिमा पुगेर पदबहाली गर्नुभयो । पदबहाली गर्ने क्रममा समिति कार्य क्षेत्रभित्र रही देश र जनताकाहितका लागि कानून निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखेर काम गर्ने उहाँहरूले प्रतिबद्धता जनाउनुभयो ।

समाजका विभिन्न क्षेत्र र समुदायबाट प्रतिनिधित्व रहने ५९ सदस्यीय उक्त सभामा हाल पुरुष ३५ र महिला २२ जना सदस्य रहनुभएको छ । राष्ट्रियसभामा हाल नेपाली कांग्रेसका २४, नेपाली कम्युनिष्ट पार्टीका १७, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का १०, जनता समाजवादी पार्टी नेपालका दुई, मनोनित दुई, राष्ट्रिय जनमोर्चा र लोकतान्त्रिक समाजवादी पार्टीका एक/एक सदस्य हुनुहुन्छ ।समाजका विभिन्न क्षेत्रका विज्ञ, अनुभवी र परिपक्व व्यक्तिहरूको सहभागिता रहने यस सभालाई संविधानले राष्ट्रियसभालाई स्थायी व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरेको छ । सीमान्तकृत, लोपन्मुख समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी र लोकतान्त्रको सुदृढीकरणका लागि यो सभाले विशिष्ट योगदान दिँदै आएको छ ।



यसैबीच, राष्ट्रियसभाको बुधबारको बैठकमा भाग लिने सदस्यहरूले राष्ट्रिय हितका लागि दलबीच मेलमिलाप, सहमति र सहकार्यको आवश्यकता औंल्याउनुभयो । बैठकको विशेष समयमा सदस्यहरूले सबै राजनीतिक दल र नेताले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितमा लाग्नुपर्नेमा जोड दिनुभयो । सदस्यहरूले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र दिने निर्णय सच्याउन, जेनजी आन्दोलनको घटनाका दोषीलाई कारबाहीको दायरामा ल्याउन, एसियामा भएको द्वन्द्वले मुलुकमा महँगी बढेको र जनजीवन प्रभावित भएकाले त्यसतर्फ ध्यान पुऱ्याउन, भ्रष्टचार नियन्त्रण, बढ्दो आयात र महँगी नियन्त्रण गर्न माग गर्नुभयो ।उहाँहरूले रुग्ण तथा बन्द उद्योगको सञ्चालन, सन्तुलित पराष्ट्र नीति, सामाजिक न्याय कायम, जनताको हितअनुसार संविधान संशोधनका लागि आवश्यक पहल सरकारलाई सुझाव दिनुभयो ।

राष्ट्रियसभामा प्रतिपक्षी दलहरूको मात्रै उपस्थित भए पनि मन्त्रिमण्डलको समावेशी चरित्र, सरकारको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीलगायत वर्तमान सरकारका कतिपय सुरुआती प्रयासबारे प्रशंसा भएको थियो । उहाँहरूले जनतासामु गरिएको प्रतिबद्धता अनुरूप लोकतन्त्र र सुशासन प्रवर्द्धनको अभियानलाई ठिक ढङ्ग नबढाएमा आफूहरूले त्यसको खबरदारी गर्ने बताउनुभयो ।विशेष समयमा नेपाली कांग्रेसका सुनिलबहादुर थापा, नारायणदत्त भट्ट, विष्णुकुमारी सापकोटा र खम्बहादुर खाती, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का जयन्तीदेवी राई, सुरेश आले मगर, भुवनबहादुर सुनार, नेकपा (एमाले)का सांसद सम्झना देवकोटा, मीनासिंह रखाल र रोश्नी मेचे, जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिद, राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले वक्ताका रूपमा भाग लिनुभयो ।

यसअघि बैठकको शून्य समयमा भाग लिने सदस्यहरूले मध्यपूर्व एशियाको द्वन्द्वकाकारण पेट्रोलियम पदार्थको मूल्यवृद्धिले जनताको दैनिकीमा परेका मूल्यवृद्धिको चपेटा र प्रभावबारे सदनमार्फत सरकारको ध्यानाकर्षण गराउँदै खाद्यान्नमा आत्मनिर्भर र कृषि क्षेत्रमा लगानी अभिवृद्धिका लागि सुझाव दिनुभयो । उहाँहरूले भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन, बलात्कार र हिंसाका घटनामा दोषी देखिएमाथि कडा कारबाही गर्न तथा पीडितलाई तत्काल न्याय दिन सरकारसँग माग गर्नुभयो ।बैठकमा भाग लिने सदस्यहरूले खेतीबालीका लागि समयमै मल, बीउ र अन्य आवश्यक सामग्रीको व्यवस्था गर्न र कृषि बालीमा हानी पुऱ्याउने वन्यजन्तुको व्यवस्थापन गर्न, कर्णालीका विषय अब बजेट र भाषणमा होइन योजना कार्यान्वयन ल्याउन तथा संविधानको प्रभावकारी कार्यान्वयन गरी विशेष कार्यक्रम घोषणा गर्न माग गर्नुभयो ।

वर्डफ्लुका कारण कुखुरापालक किसान मर्कामा परेको जनाउँदै सांसदहरूले किसानलाई क्षतिपूर्ति र राहत उपलब्ध गराउन सरकारसँग आग्रह गर्नुभयो । शून्य समयमा सदस्यहरू धर्मेन्द्र पासवान, गीता देवकोटा, मिनासिंह रखाल, रेखाकुमारी झा, ललितजङ्ग शाही, सोमनाथ पोर्तेलले भाग लिनुभयो ।सभाको कार्यसूचीअनुसार प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेस गर्नुभयो ।

अध्यक्ष दाहालको अध्यक्षतामा करिब एक घण्टा ४५ मिनेट सञ्चालन भएको राष्ट्रियसभा बैठकमा सरकारका प्रतिनिधिकारूपमा मन्त्री रावल र महिला, बालबालिका तथा जेष्ठ नागरिकमन्त्री सीता बादी उपस्थित हुनुहुन्थ्यो । करिब एक घण्टा नवनिर्वाचित उपाध्यक्ष लीलाकुमारी भण्डारीले बैठक सञ्चालन गर्नुभएको थियो ।रासस

# कानुन विपरित लिइएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न शिक्षा मन्त्रालयको निर्देशन

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गैरकानुनी रुपमा सङ्कलन गरिएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न निर्देशन दिएको छ ।




मन्त्रालयले बुधबार विज्ञप्ति जारी गर्दै देशका केही संस्थागत विद्यालयले अझै पनि कानुन विपरित शुल्क लिने कार्य निरन्तर रहेको गुनासो आएको भन्दै गैरकानुनी रूपमा लिएको शुल्क फिर्ता गर्न सम्बन्धित सबैलाई निर्देशन दिएको हो । मन्त्रालयले कुनै पनि विद्यालयले यो निर्देशनभन्दा अन्यथा गरेको पाइएमा सोही ऐनको प्रावधान तथा अन्य प्रचलित कानुन बमोजिम थप कारवाही प्रकृया अगाडि बढाउनुपर्ने अवस्थामा गृह मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहबाट आवश्यक समन्वय गर्न अनुरोध गरेको छ ।

साथै, विद्यार्थीको शुल्कसम्बन्धी गुनासोको रिपोर्टिङ तथा सहजीकरण प्रयोजनका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा सहायता कक्ष (हेल्प डेस्क) स्थापना गरिएको मन्त्रालयले जनाएको छ । कसैको गुनासो भएमा सोही कक्षमा फोन गरी थप साथै, विद्यार्थीको शुल्कासम्बन्धी गुनासोको रिपोर्टिङ तथा सहजीकरण/सहायता प्राप्त गर्न सकिने र सो कक्षको सम्पर्क व्यक्ति केन्द्रका निर्देशक निमप्रकाशसिंह राठौर (फोन ९८५१२१४६३८, इमेल चबततजयगच२ नबषि.अफ) सम्पर्क गर्न सकिने मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ ।

मन्त्रालयले यसअघि यही चैत २२ गते विज्ञप्तिमार्फत केही संस्थागत विद्यालयले प्रचलित कानुन तथा सर्वोच्च अदालतको आदेश विपरित हुनेगरी शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र स्वीकृत मापदण्डभन्दा बढी भारी शुल्क असुली गरेको पाइएकामा गम्भीर ध्यानाकर्षण भएको जनाउदै नयाँ शैक्षिकसत्र प्रारम्भ भएपछि मात्र विद्यार्थी भर्ना गर्न गराउन आग्रह गरेको थियो । मन्त्रालयले कुनै पनि विद्यालयबाट यस्ता गैरकानुनी काम हुन नदिई अभिभावबाट कानुन विपरीत ढङ्गले असुल गरिएको भर्ना शुल्क रकम सम्बन्धितलाई फिर्ता गराउने कानुनी प्रक्रिया अगाडि बढाउन सम्बन्धित सबै स्थानीय तहलाई अनुरोध गरेको छ ।रासस

# उपसभामुख पदको निर्वाचन शुक्रबार

काठमाण्डु । सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ८ बमोजिम प्रतिनिधिसभाका उपसभामुख पदको निर्वाचनको लागि शुक्रबार तोक्नुभएको छ । बुधबार बसको प्रतिनिधिसभाको बैठकमा अर्यालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेरसम्बन्धी पत्र पढेर सुनाउनुभयो ।

प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट कृषि तथा पशुपंक्षी र वन तथा वातावरणमन्त्री गीता चौधरीले ‘राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सातौं वार्षिक प्रतिवेदन, २०८२’ पेस गर्नुभएको छ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले ‘वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२’ लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो । “वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२’ प्रस्ताव गर्नुभयो । प्रतिनिधिसभाको अर्को बैठक शुक्रबार दिउँसो ४ बजे बस्ने गरी बुधबारको बैठक स्थगित भएको छ ।रासस

# राष्ट्रियसभा अन्तर्गतका चार समितिका सभापतिको पदबहाली

काठमाण्डु । राष्ट्रियसभा अन्तर्गतका चार समितिका सभापतिले बुधबार पदबहाली गर्नुभएको छ ।

विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कृष्णप्रसाद पौडेल, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति जयन्तीदेवी राई, विधायन व्यवस्थापन समितिका सभापति कृष्णबहादुर रोकाया र सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति पूजा चौधरीले आज सभाका अध्यक्ष नारायणप्रसाद दाहालसँग शपथ ग्रहण गरेपछि आ-आफ्नो कार्यकक्षमा गई पदबहाली गर्नुभएको हो ।



पदबहालीपछि राससँग प्रतिक्रिया दिनुहुँदै सुशासन समितिका सभापति पौडेलले दिगो, समन्यायिक र सन्तुलित विकासका लागि नीति, कानुन बनाउने काममा आफू सक्रिय हुने जानकारी गराउनुभयो । भ्रष्टाचार न्यूनीकरण गरी सुशासनका लागि समितिको कार्य क्षेत्रअन्तर्गत रही काम गर्ने उहाँको भनाइ थियो । सेवा प्रवाह, सूचना प्रविधि र नवप्रवर्तन पनि समितिको कार्य क्षेत्र भएकाले यस क्षेत्रमा पनि समितिले काम गर्ने सभापति पौडेलले बताउनुभयो ।

राष्ट्रिय सरोकार समितिका सभापति राईले विगतमा बनेका कार्ययोजना कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जनाउनुभयो । विशेषगरी साइबर बुलिङका घटना बढिरहेकाले यस विषयमा पनि छलफल गराउने उहाँको भनाइ थियो । पछिल्लो समय निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने गरी सरकारका तर्फबाट भएको निर्णयका बारेमा पनि सरोकार भएका निकायलाई बोलाएर बहस गराउने सभापति राईले बताउनुभयो ।रासस

# अमेरिका–इरान अन्तिम क्षणमा युद्धविराम, दुवै पक्षद्वारा जीतको दाबी

एएफपी

वासिङ्टन । एक महिनाभन्दा बढी समयदेखि चलेको भीषण द्वन्द्वपछि अन्तिम घडीमा अमेरिका र इरान दुई हप्ताको अस्थायी युद्धविराममा सहमत भएका छन् । तर गोलीबारी रोकिए पनि दुवै पक्षले आफूलाई विजेता घोषणा गरेकाले तनावको मूल कारण अझै समाधानतर्फ नपुगेको सङ्केत देखिएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तय गरेको समयसीमा सकिन एक घण्टा बाँकी रहँदा सहमति जुटेको हो। त्यसपछि दुवै देशले युद्धविरामलाई आ-आफ्नो जीतका रूपमा प्रस्तुत गरेका छन्। ट्रम्पले यसलाई अमेरिकाका लागि 'पूर्णतः निर्णायक विजय' भएको बताउनुभएको छ भने इरानले पनि आफूले 'ऐतिहासिक र निर्णायक जीत' हासिल गरेको दाबी गरेको छ।इरानी सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले जारी गरेको विज्ञप्तिमा इरानी राष्ट्रविरुद्ध गरिएको युद्धलाई 'अवैध र आपराधिक' भन्दै शत्रुले लज्जास्पद पराजय बेहोरेको उल्लेख गरिएको छ । त्यस्तै, इरानले यस विरामलाई स्थायी समाधानतर्फको पहिलो कदमका रूपमा लिँदै अमेरिकासँग वार्ता अघि बढाउने जनाएको छ। वार्ता पाकिस्तानमा शुक्रबारदेखि सुरु हुने तय गरिएको छ।

यसबीच, ह्वाइट हाउसले इजरायल पनि युद्धविराममा सहमत भएको जनाएको छ। तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले स्पष्ट पार्दै यो सहमति लेबनानमा लागू नहुने बताउनुभएको छ । लेबनानमा इरान समर्थित हिजबुल्लाहसँगको द्वन्द्वमा हालसम्म एक हजार ५०० भन्दा बढी मानिसको ज्यान गइसकेको जनाइएको छ ।इजरायलले सुरुबाटै अमेरिकालाई इरानविरुद्धको युद्धमा प्रत्यक्ष संलग्न हुन आग्रह गर्दै आएको थियो । फेब्रुअरीमा सुरु भएको प्रारम्भिक आक्रमणका क्रममा इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनी मारिएको दाबीसमेत गरिएको छ, जसले द्वन्द्वलाई थप चर्काएको थियो।

ट्रम्पले युद्धविरामको निर्णय लिनुअघि पाकिस्तानी नेतृत्वसँग परामर्श गरेको बताउनुभएको छ। उहाँका अनुसार पाकिस्तानले इरानमाथि 'विनाशकारी सैन्य कारबाही रोक्न' आग्रह गरेको थियो । उहाँले चीनले पनि इरानलाई वार्तामा ल्याउन भूमिका खेलेको विश्वास व्यक्त गर्नुभयो। युद्धविरामको मुख्य शर्तका रूपमा इरानले विश्वको महत्त्वपूर्ण तेल मार्ग होर्मुज जलडमरूमध्य दुई हप्ताका लागि सुरक्षित रूपमा खोल्ने सहमति जनाएको छ। फेब्रुअरी २८ देखि सुरु भएको युद्धका क्रममा बन्द गरिएको यस मार्गबाट विश्वको झण्डै पाँचौँ भाग तेल आपूर्ति हुने भएकाले यसको खुला हुनु विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिएको छ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले आक्रमण रोकिए इरानले पनि आफ्नो रक्षात्मक कारबाही रोक्ने बताउनुभयो। यसबीच, युद्धविराम घोषणा भएपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य १७ प्रतिशतभन्दा बढीले घटेको छ भने एसियाली सेयर बजारमा सुधार देखिएको छ। यद्यपि दीर्घकालीन समाधानका विषयमा अझै मतभेद कायम छन्। इरानले अमेरिकी प्रतिबन्ध हटाउने, होर्मुजमा आफ्नो प्रभुत्व स्वीकार गर्नुपर्ने र क्षेत्रबाट अमेरिकी सेना फिर्ता गर्नुपर्ने माग अघि सारेको छ। साथै, आफ्नो युरेनियम संवर्धन कार्यक्रमलाई मान्यता दिनुपर्ने अडान पनि दोहोर्‍याएको छ।

ट्रम्पले भने कुनै पनि अन्तिम सम्झौतामा इरानको आणविक कार्यक्रम पूर्ण रूपमा नियन्त्रणमा ल्याइनुपर्ने बताउनुभएको छ । इरान आणविक हतियार नजिक पुगेको उहाँको दाबीलाई अन्तर्राष्ट्रिय निकायहरूले भने समर्थन गरेका छैनन् ।यदि वार्ता असफल भयो भने के पुनः आक्रमणमा फर्किने भन्ने प्रश्नमा ट्रम्पले स्पष्ट जवाफ दिनुभएन, तर आवश्यक परे कठोर कदम चाल्न सकिने सङ्केत दिनुभयो ।युद्धविरामअघि दुवै पक्षले व्यापक आक्रमण गरेका थिए। अमेरिका र इजरायलले इरानका पुल, रेलमार्ग र सैन्य पूर्वाधारमा प्रहार गरेका थिए भने इरानले खाडी क्षेत्रमा मिसाइल र ड्रोन आक्रमण गरी प्रतिकार गरेको थियो। यी आक्रमणहरूले क्षेत्रीय सुरक्षा अवस्थालाई गम्भीर रूपमा प्रभावित पारेको छ।

कतार, बहराइन, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्समा विस्फोटका आवाज सुनिएको र केही स्थानमा घाइते भएको रिपोर्ट आएको छ । बगदादमा क्षेप्यास्त्र आक्रमणमा एक बालकसहित दुई सर्वसाधारणको मृत्यु भएको जनाइएको छ ।युद्धको त्रास आम नागरिकमा गहिरो देखिएको छ। तेहरानकी एक विद्यार्थीले आफू र अन्य नागरिकहरू अत्यन्त डरमा



बाँचिरहेको बताएकी छन् । यसबीच, इरानमा ऊर्जा संरचनाको सुरक्षाका लागि नागरिकहरूले मानव साङ्लो बनाएको दृश्य सार्वजनिक भएको छ ।दुई हप्ताको यो अस्थायी विरामले तत्कालका लागि राहत दिएको भए पनि गहिरो राजनीतिक, सैन्य र आणविक विवाद समाधान नभएसम्म स्थायी शान्ति अझै टाढा रहेको विश्लेषण गरिएको छ।

### अमेरिका-इरान युद्धविराममा इजरायलको साथ

अन्तिम क्षणमा टरेको ठूलो युद्धपछि अमेरिका र इरानबीच भएको दुई हप्ताको अस्थायी युद्धविरामलाई इजरायलले समर्थन जनाएको छ, तर लेबनान यस सहमतिबाट बाहिर रहेको स्पष्ट पार्दै क्षेत्रीय तनाव अझै कायमै रहने सङ्केत दिएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि सम्भावित विनाशकारी आक्रमण स्थगित गर्ने निर्णय लिएपछि वासिङ्टन र तेहरानबीच मङ्गलबार राति युद्धविराममा सहमति भएको हो । यो सहमति ट्रम्पले दिएको कडा समयसीमा सकिनु एक घण्टा अघि मात्रै सम्भव भएको थियो, जसले कूटनीतिक प्रयासको संवेदनशीलता झल्काएको छ ।यस समझदारीअनुसार इरानले दुई हप्तासम्म होर्मुज जलडमरूमध्य हुँदै अन्तर्राष्ट्रिय समुद्री यातायातका लागि सुरक्षित मार्ग सुनिश्चित गर्ने जनाएको छ। यही अवधिलाई उपयोग गर्दै दुवै पक्षबीच वार्ता अघि बढाइनेछ, जसका लागि पाकिस्तानमा शुक्रबारदेखि औपचारिक संवाद सुरु हुने तय गरिएको छ।

> ट्रम्पले युद्धविरामको निर्णय लिनुअघि पाकिस्तानी नेतृत्वसँग परामर्श गरेको बताउनुभएको छ । उहाँका अनुसार पाकिस्तानले इरानमाथि “ विनाशकारी सैन्य कारबाही रोक्न” आग्रह गरेको थियो । उहाँले चीनले पनि इरानलाई वार्तामा ल्याउन भूमिका खेलेको विश्वास व्यक्त गर्नुभयो । युद्धविरामको मुख्य शर्तका रूपमा इरानले विश्वको महत्त्वपूर्ण तेल मार्ग होर्मुज जलडमरूमध्य दुई हप्ताका लागि सुरक्षित रूपमा खोल्ने सहमति जनाएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले जारी गरेको विज्ञप्तिमा इजरायलले ट्रम्पको निर्णयलाई समर्थन गर्ने उल्लेख गर्दै इरानले तुरुन्तै जलडमरूमध्य खोल्नुका साथै अमेरिका, इजरायल र क्षेत्रका अन्य देशहरूमाथिका सबै आक्रमण रोक्नुपर्नेमा जोड दिएको छ। साथै, इरानले भविष्यमा आणविक, क्षेप्यास्त्र तथा आतङ्कवादसम्बन्धी खतरा नउठाउने सुनिश्चित गर्न अमेरिकाले चालेका प्रयासहरूमा पनि इजरायलको साथ रहने जनाइएको छ ।यद्यपि, इजरायलले यो युद्धविराम लेबनानमा लागू नहुने स्पष्ट पारेको छ । यसले पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले दिएको त्यसअघिको अभिव्यक्तिलाई अस्वीकार गरेको देखिन्छ, जसमा उहाँले लेबनानसहित सबै क्षेत्रमा युद्धविराम लागू हुने सङ्केत दिनुभएको थियो।

लेबनान युद्धमा तानिनुको मुख्य कारण इरान समर्थित हिजबुल्लाह समूहले इजरायलमाथि गरेको रकेट आक्रमण रहेको बताइएको छ। त्यसपछि इजरायलले लेबनानभरि व्यापक हवाई आक्रमण र सैन्य कारबाही सञ्चालन गरेको थियो, जसमा एक हजार ५०० भन्दा बढी मानिसले ज्यान गुमाएको अधिकारीहरूले जनाएका छन् ।यसबीच, इजरायलले सुरुदेखि नै अमेरिकालाई इरानविरुद्धको युद्धमा प्रत्यक्ष रूपमा संलग्न हुन आग्रह गर्दै आएको थियो । फेब्रुअरीमा सुरु भएको प्रारम्भिक आक्रमणका क्रममा इरानका दीर्घकालीन सर्वोच्च नेता अयातुल्ला अली खामेनी मारिनुभएको थियो भन्ने विवरण पनि सार्वजनिक भइसकेको छ ।दुई हप्ताको यो अस्थायी युद्धविरामले तत्कालका लागि तनाव घटाउने अपेक्षा गरिएको भए पनि लेबनानमा जारी द्वन्द्व र क्षेत्रीय अविश्वासका कारण दीर्घकालीन शान्तिको सम्भावना अझै अनिश्चित देखिएको छ।

### ट्रम्पद्वारा धम्की फिर्ता

अन्तिम क्षणसम्म तीव्र बनेको युद्धको जोखिमबीच अमेरिका र इरान दुई हप्ताको अस्थायी युद्धविराममा सहमत भएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विनाशकारी आक्रमणको चेतावनी फिर्ता लिएपछि भएको यस सहमतिले तत्कालका लागि तनाव घटाएको भए पनि क्षेत्रीय अवस्था अझै अस्थिर देखिएको छ।

निर्धारित समयसीमा सकिन केही घण्टाअघि ट्रम्प प्रशासन युद्धबाट पछि हट्दै वार्ताको बाटो रोजेको हो । इरानले पनि युद्धविराम स्वीकार गरेको घोषणा गर्दै पाकिस्तानमा अमेरिकासँग वार्ता अघि बढाउने जनाएको छ । यद्यपि युद्धविराम कहिलेबाट लागू हुन्छ भन्ने स्पष्ट नभएकै अवस्थामा बुधबार बिहानसम्म इजरायल, इरान र खाडी क्षेत्रमा आक्रमणहरू जारी रहे ।इजरायलले अमेरिका-इरानबीचको सहमतिलाई समर्थन जनाए पनि लेबनानमा हिजबुल्लाहसँगको लडाइँ यसमा नसमेटिएको स्पष्ट पारेको छ। इजरायली पक्षले इरानले आणविक वा क्षेप्यास्त्र खतरा पुनः नउठाउने सुनिश्चिततामा जोड दिएको छ।

युद्धविरामको एक प्रमुख अंशका रूपमा स्ट्रेट अफ होर्मुज पुनः खोल्ने सहमति भएको बताइएको छ । यस मार्गमा इरानले आफ्नो नियन्त्रण केही खुकुलो पार्ने सङ्केत दिएको छ, तर पूर्ण रूपमा खुला हुनेबारे अस्पष्टता कायम छ। इरान र ओमानले जलमार्ग प्रयोग गर्ने जहाजबाट शुल्क उठाउने योजना पनि अघि आएको छ, जसबाट प्राप्त रकम पुनर्निर्माणमा खर्च गरिने बताइएको छ। युद्ध अन्त्यका लागि इरानले अमेरिकी सेना क्षेत्रबाट फिर्ता, आर्थिक प्रतिबन्ध हटाउने र फ्रिज भएका सम्पत्ति फुकुवा गर्ने माग अघि सारेको छ । यसबीच, इरानले प्रस्ताव गरेको १०-बुँदे योजनामा आणविक कार्यक्रमसम्बन्धी भाषा फरक-फरक संस्करणमा प्रस्तुत गरिएकाले थप अन्योल सिर्जना भएको छ।

युद्धविराम घोषणा भएलगत्तै तेहरानमा सरकार समर्थक प्रदर्शनहरू चर्किएका छन् । प्रदर्शनकारीहरूले अमेरिका र इजरायलविरुद्ध नाराबाजी गर्दै झण्डा जलाएका छन्, जसले देशभित्रको कट्टर असन्तुष्टि झल्काउँछ ।यसअघि ट्रम्पले सम्झौता नभए इरानी 'सभ्यता' नै नष्ट गर्ने चेतावनी दिनुभएको थियो, जसले अन्तर्राष्ट्रिय स्तरमा आलोचना निम्त्याएको थियो । संयुक्त राष्ट्रसङ्घका अधिकारीहरू र कानूनी विज्ञहरूले त्यस्ता सम्भावित आक्रमणलाई अन्तर्राष्ट्रिय कानूनविपरीत ठहर गरेका छन्।

फेब्रुअरीदेखि सुरु भएको द्वन्द्वमा हजारौँ मानिसले ज्यान गुमाइसकेका छन्। इरान, इजरायल, लेबनान र खाडी क्षेत्रमा फैलिएको हिंसाले ठूलो मानवीय र आर्थिक क्षति पुर्‍याएको छ । जलडमरूमध्यमा इरानको नियन्त्रणले विश्व अर्थतन्त्रमा समेत दबाब सिर्जना गरेको छ ।युद्धविरामको सहमति भए पनि दुवै पक्षबाट आक्रमण पूर्ण रूपमा रोकिएको छैन । अमेरिकाले आक्रामक कारबाही रोकेको दाबी गरे पनि रक्षात्मक गतिविधि जारी रहेको जनाएको छ भने इजरायल र इरानबीच प्रत्यक्ष आक्रमण आदानप्रदान भइरहेको छ ।कूटनीतिक प्रयास तीव्र भइरहेका बेला दुई हप्ताको यो समयावधि स्थायी समाधानतर्फ जाने अवसर बन्ने वा फेरि द्वन्द्व चर्किने हो भन्ने अझै अनिश्चित छ।

### विश्वको प्रतिक्रिया र सुरक्षित मार्ग सुनिश्चित गर्ने आशा

संयुक्त राज्य अमेरिका र इरानले दुई हप्ताका लागि युद्धविराममा सहमति जनाएपछि दुवै पक्षले आफूलाई विजयकर्ता घोषणा गरेका छन् । यस घटनापछि विश्वभरबाट आएका प्रतिक्रियाहरूले मध्यपूर्वमा शान्ति र स्थिरता कायम राख्ने चुनौतीको गम्भीरतालाई उजागर गरेका छन्।

दक्षिण कोरियाले युद्धविरामको स्वागत गर्दै यसले होर्मुज जलडमरूमध्य हुँदै आफ्ना सबै जहाजहरू सुरक्षित मार्गमा ल्याउने विश्वास व्यक्त गरेको छ। दक्षिण कोरियाको विदेश मन्त्रालयका अनुसार, सरकारले दुई पक्षबीचको वार्ता सफलतापूर्वक सम्पन्न हुने आशा गरेको छ र सम्बन्धित देशहरूसँग सञ्चार तथा परामर्शमार्फत जलडमरूमध्यको सुरक्षित नेभिगेसन सुनिश्चित गर्ने योजना बनाएको छ ।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले युद्धविरामको स्वागत गर्नुभएको छ र सबै पक्षलाई दीर्घकालीन शान्तिका लागि काम गर्न आह्वान गर्नुभएको छ । महासचिवका प्रवक्ताका अनुसार महासचिवले अमेरिका र इरानको घोषणालाई स्वागत गरे पनि युद्धविरामका सर्तहरूको पालना गर्न र अन्तर्राष्ट्रिय कानूनअनुसार दायित्व पूरा गर्न सबै पक्षलाई आग्रह गर्नुभयो।

अस्ट्रेलियाले युद्धको दीर्घकालीन असरको चेतावनी दिँदै युद्धविराम कायम राख्न र द्वन्द्व समाधानमा ध्यान दिनुपर्ने बताएको छ। प्रधानमन्त्री एन्थोनी अल्बानिजका अनुसार, युद्धले विश्वव्यापी अर्थतन्त्रमा ठूलो प्रभाव पार्नेछ र मानव जीवनमा उच्च लागत निम्त्याउनेछ । उहाँले सबै पक्षलाई अन्तर्राष्ट्रिय मानवीय कानून पालना गर्न र नागरिक जीवनको रक्षा गर्न आह्वान गर्नुभयो ।न्युजिल्यान्डले युद्धविराम स्वागत गरे पनि स्थायी शान्ति कायम गर्न अझै महत्त्वपूर्ण काम बाँकी रहेको बताएको छ। विदेशमन्त्री विन्स्टन पिटर्सका प्रवक्ताले न्युजिल्यान्ड आगामी दिनहरूमा द्वन्द्वको स्थायी अन्त्यका लागि सबै प्रयासहरूमा समर्थन दिने बताउनुभयो।

जापानले होर्मुज स्ट्रेटमार्फत सुरक्षित नेभिगेसन सुनिश्चित गर्न ठोस कदम आवश्यक रहेको बताएको छ। जापानी सरकारका प्रवक्ता मिनोरु किहाराले भन्नुभयो, “स्थिति कम गर्न ठोस कदम चालिनेछ र प्रारम्भिक मितिमा कूटनीतिक माध्यमबाट अन्तिम सम्झौतामा पुग्ने अपेक्षा राखिन्छ ।” जापान विश्वको चौथो ठूलो अर्थतन्त्र र तेलको पाँचौँ ठूलो आयातकर्ता भएकाले यस मार्गको सुरक्षा त्यसको लागि अत्यन्त महत्त्वपूर्ण छ ।इराकले युद्धविरामलाई स्वागत गर्दै अमेरिका र इरानलाई गम्भीर र दिगो संवादका लागि आह्वान गरेको छ । इराकको विदेश मन्त्रालयले भनेको छ, “विवादका मूल कारणहरूलाई सम्बोधन गर्ने र आपसी विश्वासलाई बलियो बनाउने संवाद आवश्यक छ।”

पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले अमेरिका, इरान र उनीहरूका सहयोगीहरूले लेबनानसहित सबै क्षेत्रमा तत्काल युद्धविराम गर्न सहमति जनाएको बताउनुभयो । यद्यपि, इजरायलले दुई हप्ताको युद्धविराममा लेबनान समावेश नरहेको स्पष्ट पारेको छ।

विश्वभरका देशहरूले मध्यपूर्वको स्थिरता र व्यापारिक मार्गहरूको सुरक्षा सुनिश्चित गर्न युद्धविरामको महत्त्व स्वीकार गर्दै थप कूटनीतिक प्रयास जारी राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यस घटनाले अन्तर्राष्ट्रिय समुदायलाई युद्धको जोखिम कम गर्ने, आर्थिक अस्थिरता घटाउने र मानव जीवनको सुरक्षा सुनिश्चित गर्ने चुनौतीको आवश्यकता स्मरण गराएको छ।

### इजरायलद्वारा लेबनानमा पुनः आक्रमण

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले इरानको युद्धविराममा लेबनान समावेश नभएको बताउनुभएको छ । इजरायलले बुधबार पनि दक्षिण लेबनानमा आक्रमण जारी राखेको छ । इरान समर्थित सशस्त्र समूह हिजबुल्लाह विरुद्धको कारबाहीको निरन्तरताका लागि आक्रमण जारी राखिएको जनाइएको छ।

इजरायलले लेबनानमा युद्ध जारी रहेको उल्लेख गर्दै लेबनानको ४० किलोमिटरभन्दा बढी क्षेत्रका लागि निकासी आदेश जारी गरेको छ ।लेबनानको राष्ट्रिय समाचार एजेन्सीका अनुसार दक्षिणी टायर क्षेत्रमा रहेको भवन खाली गर्ने चेतावनी जारी गरे पछि इजरायलले आक्रमण गरेको जनाइएको छ। यसैबीच फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले युद्धविरामको स्वागत गर्दै युद्धविरामले लेबनानलाई पूर्ण रूपमा समावेश गरेको सुनिश्चित गर्नु पर्ने इच्छा व्यक्त गर्नुभएको छ।

पछिलो समयमा इजरायली आक्रमणले एक हजार ५०० भन्दा बढी मानिसको ज्यान लिएको छ भने दश लाखभन्दा बढी विस्थापित भएका छन्। लेबनानी अधिकारीहरूका अनुसार, विशेष गरी देशको दक्षिण, पूर्व र बेरुतको दक्षिणी उपनगरहरूमा हिजबुल्लाहको प्रभुत्व रहेको छ । निकासी आदेश जारी गर्दै लेबनानी सेनाले विस्थापित मानिसहरूलाई दक्षिणमा नफर्कन चेतावनी दिएको छ। युद्धविरामको घोषणा हुनुभन्दा केही समय अघि दक्षिणी सहर सिडोनमा भएको इजरायली आक्रमणमा परी आठ जनाको मृत्यु भएको थियो।

### इरानद्वारा कुवेत र इमिरेट्समा मिसाइल आक्रमण

इरानले आफ्नो लावान टापुस्थित तेल संरचनामाथि भएको हवाई आक्रमणपछि कुवेत र संयुक्त अरब इमिरेट्समाथि मिसाइल तथा ड्रोन आक्रमण गरेको सरकारी टेलिभिजनले जनाएको छ ।सरकारी प्रसारण माध्यमका अनुसार, लावान टापुको तेल संरचनामा आक्रमण भएको केही घण्टापछि कुवेत र इमिरेट्सतर्फ मिसाइल र ड्रोन प्रहार गरिएको हो ।इरानी राष्ट्रिय तेल प्रशोधन तथा वितरण कम्पनीका अनुसार, मङ्गलबार राति सङ्घर्षविराम घोषणा भए पनि बुधबार बिहान करिब १० बजे लावान टापुको तेल प्रशोधन केन्द्रमाथि आक्रमण भएको थियो । उक्त आक्रमणलाई कम्पनीले 'कायरतापूर्ण' भन्दै आलोचना गरेको छ।

हाल आगलागी नियन्त्रणका लागि सुरक्षा तथा दमकल टोली सक्रिय रूपमा खटिएको र संरचना सुरक्षित बनाउने प्रयास भइरहेको जनाइएको छ । कर्मचारीहरूलाई समयमै सुरक्षित स्थानमा सारिएको कारण मानवीय क्षति नभएको पनि पुष्टि गरिएको छ ।लावान टापुस्थित तेल प्रशोधन केन्द्र नजिकैको तेल क्षेत्रबाट निकालिएको कच्चा तेल प्रशोधन गर्ने महत्वपूर्ण केन्द्र हो, जसबाट इरानको उच्च गुणस्तरको तेल निर्यात गरिन्छ ।उपलब्ध तथ्याङ्कअनुसार, यो प्रशोधन केन्द्र इरानका प्रमुखमध्ये एक हो र दैनिक करिब ६० हजार ब्यारेल कच्चा तेल प्रशोधन गर्ने क्षमता राख्छ ।यसअघि पनि खाडी क्षेत्रमा रहेका इरानी टापुहरू द्वन्द्वका क्रममा आक्रमणको निशानामा परेका थिए । विशेषगरी तेल निर्यातका लागि महत्वपूर्ण खार्ग टापुमा रहेका सैन्य संरचनाहरूमा दुई पटक हवाई आक्रमण गरिएको थियो।

## तमिम इकबालको नेतृत्वमा बङ्गलादेश क्रिकेटको गौरव पुनःस्थापना यात्रा



एएफपी

ढाका। बङ्गलादेशका अन्तरिम क्रिकेट प्रमुख तमिम इकबालले बोर्ड बर्खास्त भएपछि देशको क्रिकेट प्रतिष्ठा सुधार गर्ने दृढ प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले यसलाई आफ्नो पहिलो र सबैभन्दा महत्त्वपूर्ण कर्तव्यको रूपमा लिनुभएको छ। सन् २०२४ मा लामो समयका शासक शेख हसिनालाई अपदस्थ गरेको विद्रोहपछि उत्पन्न राजनीतिक उथलपुथलले बङ्गलादेशमा खेलकुद र राजनीति जोडिन पुगेको छ। त्यसको प्रतिफलस्वरूप क्रिकेट क्षेत्रमा पनि ठूलो अस्थिरता देखिएको थियो। नयाँ सरकारले फेब्रुअरीमा आफ्नो कार्यकाल सुरु गरेपछि राष्ट्रिय खेलकुद परिषद्ले सन् २०२५ को चुनावमा 'घोर अनियमितता' पत्ता लगाएपछि बङ्गलादेश क्रिकेट बोर्ड (बिसिबी) विघटन गरेको घोषणा गरेको थियो।

अन्तरिम बोर्डको नेतृत्वमा नियुक्त ३७ वर्षीय पूर्वकप्तान तमिम इकबालले भन्नुभयो, “हाम्रो पहिलो र सबैभन्दा महत्त्वपूर्ण कर्तव्य बङ्गलादेश क्रिकेटको हराएको गौरव पुनःस्थापित गर्नु हो। विगत १८ महिनामा हाम्रो प्रतिष्ठामा लागेको क्षति सुधार गर्नु हाम्रो प्राथमिकता हो।”अघिल्लो बोर्डअन्तर्गत बङ्गलादेशले यस वर्षको टी-२० विश्वकपमा भारतमा खेल्न अस्वीकार गरेको थियो। फास्ट बलर मुस्ताफिजुर रहमानलाई आइपीएल टोली कोलकाता नाइट राइडर्सले बर्खास्त गरेपछि सुरक्षा चिन्ता व्यक्त गरिएको थियो। यसबाहेक अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले श्रीलङ्कामा आयोजना गर्न खोजिएको बङ्गलादेशको खेललाई पनि अस्वीकार गर्दै प्रतियोगिताबाट बाहिर निकाल्यो।

तमिमले आफ्नो कार्यवाहक प्रशासनलाई सकेसम्म चाँडो प्रतिस्थापन गर्ने र निष्पक्ष चुनावमार्फत स्थायी नेतृत्व सुनिश्चित गर्ने वाचा गर्नुभयो। उहाँले स्पष्ट पार्नुभयो, “हाम्रो प्राथमिक उद्देश्य लगानीकर्ताको विश्वास, आयोजकको अधिकार र अन्तर्राष्ट्रिय क्रिकेट समुदायभित्र बङ्गलादेशको प्रतिष्ठा कायम राख्नु हो।”बिसिबीका बर्खास्त अध्यक्ष अमिनुल इस्लामले बोर्डको विघटनलाई 'संवैधानिक कू' र 'सरकारी हस्तक्षेप' भन्दै आफू अझै पनि जिम्मेवार रहेको बताउनुभएको छ। उहाँले यस किसिमका कदमले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा बङ्गलादेश क्रिकेटको क्षति हुन सक्ने चेतावनी दिनुभयो।

तमिम १५ वर्षको करियरमा बङ्गलादेशका लागि १५ हजारभन्दा बढी रन बनाउने र अन्तर्राष्ट्रिय क्रिकेटका तीनै ढाँचामा शतक बनाउने एकमात्र बङ्गलादेशी खेलाडी हुनुहुन्छ। उहाँ आफ्नो अनुभव र नेतृत्व क्षमताको प्रयोग गर्दै देशको क्रिकेट पुनः गौरवपूर्ण अवस्थामा ल्याउने लक्ष्यमा केन्द्रित हुनुहुन्छ ।यसैबीच, नयाँ प्रशासनले अन्तर्राष्ट्रिय समुदायसँग सकारात्मक संवाद कायम गर्दै बङ्गलादेश क्रिकेटलाई पुनः विश्व मानचित्रमा स्थापित गर्ने रणनीति बनाइरहेको छ, जसले खेलकुद र राष्ट्रिय प्रतिष्ठा दुबैमा सुधार ल्याउने अपेक्षा गरिएको छ।

## मध्यपूर्व युद्धको प्रभाव मूल्याङ्कन गर्दै भारतद्वारा ब्याज दर स्थिर




एएफपी

मुम्बई । भारतको केन्द्रीय बैंकले मध्यपूर्वमा भइरहेको युद्धको संभावित प्रभाव मूल्याङ्कन गर्दै बुधबार ब्याज दर स्थिर राख्ने निर्णय गरेको छ। भारतीय रिजर्भ बैंक (आरबिआई) का गभर्नर सञ्जय मल्होत्राले ५.२५ प्रतिशतको बेन्चमार्क पुनः खरीद दर अपरिवर्तित रहने जानकारी दिनुभयो।

आरबिआईको छ सदस्यीय मौद्रिक नीति समिति (एमपिसी) को सर्वसम्मतिले यो निर्णय गरेको हो । मल्होत्राले मौद्रिक नीति समितिले मुद्रास्फीतिको जोखिमलाई ध्यानमा राखेको तर अर्थव्यवस्थाको आधारभूत तथ्यहरूले हालको चुनौतीहरू सामना गर्न पर्याप्त लचिलोपन दिएको बताउनुभयो। फेब्रुअरी २८देखि सुरु भएको इरान युद्धले भारतीय रुपैयाँको मूल्यमा दबाब र मुद्रास्फीतिको जोखिम बढाएको छ। यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा मङ्गलबार घोषणा गरिएको दुई हप्ताको युद्धविराम र होर्मुज स्ट्रेट पुनः खोलिने सङ्केतले इन्धनको दबाब कम गर्न र खाद्य तथा ऊर्जा आपूर्तिमा स्थिरता ल्याउने सम्भावना छ ।आरबिआईले पछिल्ला हप्ताहरूमा मुद्रा बजारमा सट्टेबाजी नियन्त्रण गर्न कठोर कदम चालेको छ, जसले रुपैयाँको कमजोर अवस्थालाई केही सुधार गरेको छ । नोमुरा बैंकका विश्लेषकहरूले भारतलाई मध्यपूर्व ऊर्जा मूल्यको आघात भोग्न सबैभन्दा संवेदनशील अर्थतन्त्रमध्ये एकको रूपमा मूल्याङ्कन गरेका छन्।

विश्लेषकहरूले फेब्रुअरीमा आरबिआईले सञ्चयी १२५ आधार अङ्कले ब्याज दर घटाएपछि, यसपटक स्थिर राख्ने निर्णय अपेक्षित भनि बताएका थिए। गभर्नर मल्होत्राले भन्नुभयो, “परिस्थितिको परिवर्तन र वृद्धि-मुद्रास्फीतिको दृष्टिकोण हेर्दै मौद्रिक नीति स्थिर राख्नु नै उचित ठहरियो।”मध्यपूर्वमा आफ्नो तेल र तरलीकृत पेट्रोलियम ग्यासको ठूलो हिस्सा निर्भर रहेको भारतले यस कदममार्फत अर्थव्यवस्थामा स्थिरता कायम राख्न खोजेको छ । विश्लेषकहरूले विदेशी लगानीकर्ताहरूलाई भरोसा दिन र अन्तर्राष्ट्रिय बजारमा अस्थिरता कम गर्न यस निर्णयलाई सकारात्मक मूल्याङ्कन गरेका छन्।

# धानको बीउमा ५० प्रतिशत अनुदान




चितवन । यहाँको खैरहनी नगरपालिकाले नगरभित्रका किसानलाई लक्षित गरी बर्खे धानको उन्नत बीउमा ५० प्रतिशत अनुदान दिने भएको छ। नगरपालिकाले चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमअन्तर्गत खाद्यान्न बाली प्रवर्द्धनका लागि किसानलाई धानको बीउमा अनुदान दिन लागेको हो।

नगरपालिकाकी कृषि अधिकृत सृजना श्रेष्ठले अनुदान प्राप्त गर्न इच्छुक किसान तथा कृषि उद्यमीलाई आगामी वैशाख ७ गतेभित्र निवेदन दिन आह्वान गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार मोटो र मसिनो गरी विभिन्न सात जातका धानको बीउमा अनुदान दिन लागिएको हो। सङ्घीय सरकारको बजेटमार्फत किसानलाई अनुदान दिन लागिएको हो । अनुदानमा उपलब्ध हुने धानका जातहरूमा सुक्खा धान-२, सावित्री, हर्दिनाथ-५, हर्दिनाथ-६, सावा मन्सुली सब-१, रामधान र चैते-५ रहेका छन् ।

नगरपालिकाले प्रतिकठ्ठा दुई किलोका दरले एक जना किसानलाई अधिकतम १०० किलोसम्म बीउ उपलब्ध गराउने नीति लिएको छ। अनुदान लिन चाहने किसानले नागरिकताको प्रतिलिपि र चालु आव २०८२/८३ को एकीकृत सम्पत्ति कर तिरेको रसिदसहित स्वयं कृषि शाखामा उपस्थित भई निवेदन दिनुपर्नेछ। जग्गा भाडामा लिएर खेती गर्ने किसानका हकमा जग्गाबहाल सम्झौता, बहाल कर तिरेको रसिद र जग्गाधनीको नागरिकताको प्रतिलिपि अनिवार्य गरिएको कृषि शाखाले जनाएको छ।

यसअघि नगरपालिकाले चैते धानको बीउमा पनि ५० प्रतिशत अनुदान उपलब्ध गराएको थियो। यस पालिकामा चैते धान दुई हजार ५१ हेक्टर क्षेत्रफलमा लगाइन्छ भने बर्खे धान तीन हजार ५५८ हेक्टर क्षेत्रफलमा लगाइन्छ । धानको बीउमा अनुदानका लागि रु १० लाख ७५ हजार बजेट रहेको उहाँले जानकारी दिनुभयो । पालिकाले कृषि चुन र मललगायत सामग्रीमा समेत किसानलाई अनुदान दिँदै आएको छ । कृषिमा आत्मनिर्भर बनाउन र उन्नत बीउको प्रयोगमार्फत उत्पादकत्व वृद्धि गर्न यस्ता कार्यक्रम ल्याइएको अधिकृत श्रेष्ठले बताउनुभयो ।रासस

# गहुँको मूल्यमा गिरावट ,समर्थन मूल्य तोक्न किसानको आग्रह



टीकापुर । जिल्लाका किसानले यस वर्ष गहुँको उचित मूल्य पाएका छैनन् । गत वर्ष प्रतिक्विन्टल रु चार हजारमा गहुँ बेचेका किसान यस वर्ष करिब रु दुई सय कम मूल्यमा बिक्री गर्न बाध्य छन् । हाल गहुँ प्रतिक्विन्टल रु तीन हजार ८०० को हाराहारीमा बिक्री भइरहेको छ । यसैबीच केही दिनअघि परेको वर्षा र हुरीबतासले उत्पादनमा समेत क्षति पुगेको छ।

किसान रुपलाल चौधरीले धेरै मेहनत गरेर खेती गरे पनि उत्पादनको उचित मूल्य नपाउँदा मर्का परेको बताउनुभयो । "गत वर्षभन्दा कम मूल्यमा गहुँ बिक्री गर्नुपरेको छ, थोरै भए पनि बढी मूल्य पाउनुपर्ने थियो, समयमै मल र बीउ नपाउने, दुःख गरेर खेती गर्दा पनि उचित मूल्य नपाउने समस्या छ", उहाँले भन्नुभयो ।टीकापुरका मञ्जित रावलले सरकारले गहुँको समर्थन मूल्य समयमै नतोकेका कारण किसानले उचित मूल्य पाउन नसकेको बताउनुभयो। उहाँका अनुसार किसानले समयमै मल, बीउ नपाउने र बिक्रीका बेला पनि उचित मूल्य नपाउने समस्या झेलिरहेका छन् । केही दिनअघि हुरीबतासहितको वर्षाले गहुँ उत्पादनमा कमी आएको छ। अहिले सङ्कलन केन्द्रमा पनि उचित मूल्य पाइँदैन, किसानलाई जताबाट पनि घाटा भएको छ।


टीकापुरका पहलमान साउदले भने प्रतिक्विन्टल रु चार हजार २०० का दरले चार क्विन्टल गहुँ खरिद गर्नुभएको छ। गत वर्ष पनि यही मूल्यमा गहुँ खरिद गर्नुभएका उहाँलाई यस वर्षको मूल्य ठीकै लागेको बताउनुहुन्छ। "गत वर्ष पनि यही मूल्यमा किनेको थिएँ, यस वर्ष मूल्य बढ्ला भनेर समयमै किन्न आएको थिएँ, पोहोरकै मूल्यमा पाएँ", उहाँले भन्नुभयो ।टीकापुर स्थित भीम खाद्यान्न खरिदबिक्री केन्द्रका भीमबहादुर ठकुल्लाले राम्रो (केलाउन नपर्ने) गहुँ प्रतिक्विन्टल रु तीन हजार ८०० सम्ममा खरिद गर्ने गरेको बताउनुभयो । "राम्ररी सफा नगरेको गहुँ रु तीन हजार ६०० मा खरिद गर्छौं, गुणस्तर हेरेर रु तीन हजार ९०० सम्म पनि दिन्छौं", उहाँले भन्नुभयो।

खाद्यान्न व्यवसायीका अनुसार कैलालीमा खरिद गरिएको गहुँ नेपालगन्ज र धनगढीका मैदा मिलमा प्रतिक्विन्टल करिब रु चार हजारमा बिक्री हुने गरेको छ। ठकुल्लाले हालसम्म चार सय क्विन्टल गहुँ प्रतिक्विन्टल रु चार हजारका दरले बिक्रीका लागि नेपालगन्ज पठाइसक्नुभएको छ।पौडेल राइस मिलका सञ्चालक रामहरि पौडेलले किसानले अहिले गहुँ बिक्रीका लागि ल्याउन थालेको बताउनुभयो । "यस वर्ष पानी र हुरीबतासले नपाक्दै गहुँ ढालेकाले सानो दाना र माटो मिसिएको गहुँ बिक्रीका लागि आएको छ", उहाँले भन्नुभयो, "गत वर्ष प्रतिक्विन्टल रु चार हजार २०० सम्ममा खरिद गरेको थिएँ । यस वर्ष रु तीन हजार ८५० देखि रु तीन हजार ९०० सम्ममा खरिद गरिरहेको छु।"

यस वर्ष सरकारले गहुँको समर्थन मूल्य तोकेको छैन । समर्थन मूल्य नतोकिँदा खाद्यान्न खरिदबिक्री केन्द्रहरूले मिलसँगको समन्वयमा खरिदबिक्री दर निर्धारण गरिरहेका छन् ।गत वर्ष सरकारले गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ८६७ रुपैयाँ ३८ पैसा निर्धारण गरेको थियो। विगतमा हरेक वर्ष वृद्धि गर्दै आएको समर्थन मूल्य यस वर्ष नतोकिँदा किसानले उचित मूल्य पाउन नसकेको गुनासो गरेका छन्। कृषि मन्त्रालयले समर्थन मूल्य निर्धारणका लागि अध्ययन गरी प्रस्ताव उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइसकेको जनाएको छ।

टीकापुर नगरपालिका कृषि विकास शाखाका कृषि प्राविधिक मोतिसिंह विकका अनुसार गहुँको समर्थन मूल्य समयमै तोकिएमा किसानलाई राहत मिल्नेछ । "समयमै समर्थन मूल्य तोकिएमा किसानले घाटामा बिक्री गर्नुपर्दैन र बिचौलियाबाट ठगिने सम्भावना पनि कम हुन्छ", उहाँले भन्नुभयो, "यस वर्ष भने मिल सञ्चालक र खरिदकर्ताले आफैं मूल्य निर्धारण गरेका कारण किसानले उचित मूल्य पाउन सकेका छैनन् ।"रासस

# 'पहाड' र 'राम नाम सत्य' प्रदर्शन हुँदै







काठमाण्डु । नयाँवर्ष २०८३ साललाई लक्षित गर्दै दुई नेपाली चलचित्र 'पहाड' र 'राम नाम सत्य' प्रदर्शन हुने भएको छ । दुवै चलचित्रका निर्माताले नयाँ वर्षको अवसर पारेर नेपालसँगै विदेशमा चलचित्र प्रदर्शनको तयारी गरिरहेको जानकारी दिएका छन् ।

आगामी चैत २७ गतेदेखि प्रदर्शन हुने चलचित्र 'राम नाम सत्य' मा द्वन्द्वसँगै सामाजिक कथावस्तु रहेको अभिनेता विराज भट्टले बताउनुभयो । अभिनेता भट्टले चलचित्रको आकर्षणका रुपमा द्वन्द्व, गीतसङ्गीत भएता पनि पटकथाले नै दर्शकलाई खुसी बनाउन सक्नुपर्नेमा बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले द्वन्द्वका दृश्य वा चल्ने गीत राखेर चलचित्रलाई दर्शकले रुचाउछन् भन्ने सोच्नु गलत हो। चलचित्र सफल हुनुमा यसको विषयवस्तु र त्यसका लागि तयार गरिएको पटकथा महत्वपूर्ण हुन्छ। हामीले हेर्ने द्वन्द्वका दृश्य कथासँग जोडिएका हुनुपर्छ, अनि दर्शकले 'कनेक्ट' भएको महसुस गर्छन ।"

चलचित्र 'राम नाम सत्य' मार्फत नयाँ अनुहार आयुष सिंह ठकुरी र खुसी कार्कीले अभिनय यात्रा सुरू गर्दै हुनहुन्छ। उक्त चलचित्रमा सुशील श्रेष्ठ, दिव्या रायमाझी, प्रशान्त ताम्राकार, सुपुष्पा भट्ट, सुनिल थापा, सुधिर श्रेष्ठलगायतका कलाकारले अभिनय गर्नुभएको छ । नृत्य निर्देशकको रुपमा चिनिनुभएका माइकल चन्दको निर्देशनमा चलचित्र तयार भएको छ । सामाजिक संदेशसँगै पूर्ण मनोरञ्जक बनाउने कोसिसका साथ चलचित्रमा आफूले काम गरेको निर्देशक चन्दले जानकारी दिनुभयो।

"म नेपाली चलचित्रको नियमित दर्शक हुँ, दर्शकको ताली र गालीलाई मैले चलचित्र भवनमा देखेको छु । त्यसकारण मैले सामाजिक सन्देशसँगै मनोरञ्जन दिने सम्पूर्ण तत्वलाई चलचित्रमा समावेश गरेको छु। यसले सम्पूर्ण वर्गका दर्शकलाई आकर्षित गर्छ", निर्देशक चन्दले भन्नुभयो।

उक्त चलचित्रका लागि आफूले विगत पाँच वर्षदेखि कथा, पटकथामा काम गरेर तयारी गरिरहेको उहाँले जानकारी दिनुभयो । उक्त चलचित्रमा मानकृष्ण महर्जनले छायाङ्कन, श्री श्रेष्ठले द्वन्द्व निर्देशन, बन्दे प्रसादले सम्पादन, सियोन श्रेष्ठले नृत्य निर्देशन गर्नुभएको छ । यसैगरी निर्देशक तुलसी घिमिरे निर्देशन गर्नुभएको आगामी वैशाख १ गते प्रदर्शन हुने चलचित्र 'पहाड' युवा जनशक्ति विदेश पलायन हुँदा खाली भएका पहाड र यसले ल्याउने सामाजिक र आर्थिक समस्यालाई चित्रण गरेर तयार गरिएको छ । उहाँले चलचित्रको कथाले पहाड मात्र नभई समग्र देशकै अवस्थालाई दर्शाउने बताउनुभयो।

निर्देशक घिमिरेले भन्नुभयो, "पहाड एकदमै सुन्दर ठाउँ हो । तर, पछिल्लो समय युवा पलयान भएका छन्, पहाडमा बसोबास गर्ने रोजगारीका लागि बसाइ सरेका छन् । हेर्दा हेर्दै पहाड उजाड झैँ देखिन थालेको छ, यही विषयलाई लिएर चलचित्र तयार गरेको छु ।"निर्देशक घिमिरेले दर्शकसँगै यो चलचित्र घर, परिवार र समाजसम्म विचारको रुपमा पुग्ने विश्वास व्यक्त गर्नुभयो। भाग्यरत्न फिल्म्स प्रालिको ब्यानरमा निर्माण भएको 'पहाड' मा बिपीन कार्की, सुनिल थापा, मदनकृष्ण श्रेष्ठ, रेनु नाथ योगी, अरुण क्षेत्री, रवीन्द्रसिंह बानियाँ, उमा गिरीलगायतका कलाकारको अभिनय रहेको छ।


निर्देशक घिमिरेले कान्छी छोरी पञ्चमी घिमिरेलाई यसै चलचित्रमार्फत अभिनेत्रीको रुपमा दर्शकसामु ल्याउनुभएको छ । अभिनेत्री घिमिरेले आफूभन्दा अग्रजसँग काम गर्न पाउँदा अनुभवसँगै चुनौती महसुस गरेको बताउनुभयो ।"मेरो लागि यो एउटा अवसर थियो र सँगै चुनौती पनि । मभन्दा सबै अग्रज र स्थापित कलाकार हुनहुन्छ, उहाँहरूबाट मैले धेरै कुरा सिक्ने मौका पाएकी छु । मैले आफ्नो भूमिकालाई जीवन्त बनाउन सक्दो मेहिनत गरेकी छु", अभिनेत्री घिमिरेले भन्नुभयो । चलचित्रमा प्रमोद प्रधानले छायाङ्कन, रञ्जितसिंह गजमेरले सङ्गीत निर्देशन, कुमार महर्जनले द्वन्द्व निर्देशन, शङ्कर कोइराला र भारती घिमिरेले दृश्य सम्पादन गर्नुभएको छ। रासस

# सुदूरपश्चिममा दश प्रतिशतले बढ्यो गरिबी

दोधारा चाँदनी । सुदूरपश्चिम प्रदेशमा १० प्रतिशतले गरिबी बढेकामा प्रदेश सरकारले चिन्ता व्यक्त गरेको छ।

दोस्रो पञ्चवर्षीय योजनालाई अन्तिम रूप दिने चरणमा रहेको प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ को तुलनामा चालु आवमा गरिबी बढेको बताएको हो ।प्रदेश नीति तथा योजना आयोगले अहिले सुदूरपश्चिमका विभिन्न स्थानीय तहमा पुगेर दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदामाथि छलफल गरिरहेको छ।

आव २०७७/७८ मा पहिलो पञ्चवर्षीय योजना बनाउँदा सुदूरपश्चिमको गरिबी २४.६ प्रतिशत रहेकामा त्यो बढेर ३४.१६ पुगेको दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा निर्माणका विज्ञ सदस्य डा हेमराज लामिछानेले राससलाई बताउनुभयो । अछाममा सबैभन्दा बढी गरिबी ४९.५८ प्रतिशत छ। रोजगारी सृजना र सीप विकास, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच, कृषि र ग्रामीण अर्थतन्त्रको सुदृढीकरण, सामाजिक सुरक्षा र लक्षित कार्यक्रम र सुशासन र प्रभावकारी कार्यान्वयनलाई दोस्रो योजनाले जोड दिएको उहाँले



बताउनुभयो।

"यो योजनामा आत्मनिर्भर समुन्नत सुन्दर सुदूरपश्चिम दीर्घकालीन सोचका साथ योजना तयार पारिएको छ। उत्पादन र उत्पादकत्व वृद्धि गरी गरिबी निवारण, रोजगारी सृजना तथा आयस्तरमा सुधार गर्नु दोस्रो पञ्चवर्षीय योजनाको उद्देश्य छ", विज्ञ सदस्य लामिछानेले भन्नुभयो, भन्नुभयो, "गुणस्तरीय, सहज र दिगो पूर्वाधार विकास, स्वस्थ, सक्षम र सम्मानजनक जीवनयापन सुनिश्चित गर्ने उद्देश्य छ।"

प्रदेश सरकारले जलवायु अनुकूलन, जैविक विविधताको संरक्षण, संवर्द्धन र प्राकृतिक स्रोतको दिगो उपयोग, सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाउनुका साथै विपद् जोखिम न्यूनीकरण र प्रविधिमैत्री प्रदेशको विकासलाई योजनामा समेटेको छ । कृषि, पशुपालन, साना उद्योग र पर्यटनको विकासबाट स्थानीयको आयस्तर सुधार गर्ने योजनालाई प्राथमिकतामा राखिएको छ ।रासस

# भैंसीपालनमा जुट्दै लुङ्गिनका किसान

भोजपुर । भोजपुरको हतुवागढी गाउँपालिका-२ लुङ्गिनका किसान स्थानीय सरकारको अनुदान सहयोगसँगै व्यावसायिक भैंसीपालनतर्फ आकर्षित हुन थालेका छन् । परम्परागत खेतीपातीमा सीमित रहेका यहाँका किसान अहिले आयआर्जन वृद्धि र आत्मनिर्भर बन्ने लक्ष्यका साथ पशुपालनतर्फ उन्मुख भएका हुन्।

हतुवागढी गाउँपालिकाले कृषि तथा पशुपालन क्षेत्रलाई प्राथमिकतामा राख्दै किसानलाई लक्षित गरी विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गर्दै आएको छ। विशेषगरी गाई, भैंसीपालनलाई प्रोत्साहन गर्न गोठ सुधार, उन्नत जातका भैंसी वितरण गरिएको हो। किसानलाई आयआर्जनमा जोड्ने लक्ष्यले विगत तीन वर्ष अघिबाट स्थानीयलाई भैंसी तथा उन्नत गाई वितरण कार्यक्रम सञ्चालन भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले जानकारी दिनुभयो । किसानलाई दूधको माध्यमबाट आयआर्जनमा जोड्ने लक्ष्यका साथ गाउँपालिकाले ५० प्रतिशत अनुदानमा उन्नत जातको भैंसी वितरण गर्दै आएको उहाँले बताउनुभयो।

हालसम्म गाउँपालिकाभित्रका किसानलाई २७ उन्नत जातको भैंसी विरतण गरिएको प्रमुख प्रशासकीय अधिकृत निरौलाले जानकारी दिनुभयो । भैंसी वितरणसँगै किसानलाई प्राविधिक तालिमसमेत उपलब्ध गराउने गरिएको छ। गाउँपालिकाले सञ्चालन गरेको भैंसी वितरण कार्यक्रम किसानका लागि उपयुक्त रहेको हतुवागढी-२ लुङ्गिनका कृषक हेमराज कार्कीले बताउनुभयो । गाउँपालिकाले भैंसीसँगै गोठ सुधारको कार्यक्रमसमेत सञ्चालन गरेकोले थप सहजता भएको उहाँको भनाइ छ।

विगतमा घरायसी प्रयोजनका लागि सीमित भैंसीपालन अहिले व्यावसायिक रूपमा विस्तार हुँदै गएको छ । "भैंसी वितरण कार्यक्रमले हामीलाई प्रत्यक्ष लाभ पुगेको छ", कार्कीले भन्नुभयो, "दूध तथा दूग्धजन्य परिकार बिक्री गरेर आयआर्जन गर्ने अवस्था बनेको छ ।"यहाँ उत्पादित दूध तथा दुग्धजन्य पदार्थ स्थानीय बजारका साथै नजिकका व्यापारिक केन्द्रहरूमा बिक्री हुने स्थानीयवासी धनबहादुर थापाले बताउनुभयो । केही किसानले दही, घ्यूउ, परिकार बनाउने गरेका छन् । लुङ्गिन क्षेत्र पशुपालनको लागि उपयुक्त रहेकाले पशुपालनमा जोड दिएको वडाध्यक्ष विचारी थापाले बताउनुभयो। रासस

# वर्षाले गहुँबाली भिजाउँदा किसान चिन्तित

कञ्चनपुर । बुधबार दिउँसोदेखि परेको वर्षाले कञ्चनपुरका किसान प्रभावित भएका छन् । खेतमा पाकेर तयार भएको गहुँ काट्ने र भित्र्याउने समयमा वर्षा हुँदा किसान मर्कामा परेका छन् ।

कतिपय किसानको गहुँ काटिसके पनि थ्रेसिङ गर्न नपाउँदै पानीले भिजाउँदा उत्पादनमा क्षति पुगेको छ भने केही किसानले वर्षाको सम्भावनाका कारण गहुँ काट्नै नपाएको अवस्था छ । कृष्णपुर नगरपालिका राजघाटका मोहनसिंह चौधरीले मौसमबारे पूर्वानुमान गर्न नसक्दा मेसिन लगाएर काटेको गहुँ भित्र्याउन नपाउँदै भिजेको बताउनुभयो । "मेसिनले गहुँ काट्यौँ, तर पानी पर्ने थाहा भएन", उहाँले भन्नुभयो, "थ्रेसिङ गर्न नपाउँदै पानी परेपछि सबै गहुँ भिज्यो, अब वर्षा नरोकिए खेतमै उम्रिने चिन्ता छ ।"यस्तै शुक्लाफाँटा नगरपालिका-२ का भरतबहादुर चौधरीले वर्षाको जानकारी पाएपछि गहुँ काट्ने योजना नै स्थगित गर्नुपरेको बताउनुभयो । उहाँले भन्नुभयो,



"गहुँ पाकेर खेतमै झर्ने अवस्था छ, वर्षा लम्बिए ठूलो नोक्सानी हुन्छ।"

शुक्लाफाँटा नगरपालिका-पीपलाडीका प्रकाश चौधरीले हतारहतारमा पानी पर्ने क्रम सँगै गहुँ भित्र्याउन सफल भए पनि भुसा भने पानीले बिग्रिएको बताउनुभयो । "जोडबल गरी गहुँ थ्रेसिङ गरेर झिर्यायौं", उहाँले भन्नुभयो, "भुसा पानीले भिजेर काम नलाग्ने भयो ।"चैत महिनाको अन्त्यको समय गहुँ भित्र्याउने हो। यस समयमा परेको वर्षाले उत्पादन र आम्दानी दुवैमा असर पार्छ। खेतमै भिजेको गहुँमा गुणस्तर घट्ने, ढुसी लाग्ने र अङ्कुर उम्रिने जोखिम बढ्छ। मौसमको अनिश्चितताले पछिल्ला वर्षमा खेतीपातीमा जोखिम बढ्दै गएको छ।

शुक्लाफाँटा कृषि विकास शाखाका प्रमुख करनसिंह बुढाऐरका अनुसार काटिसकेको गहुँ पानीमा भिज्दा दानाको गुणस्तर घट्ने, भण्डारण गर्न समस्या हुने र बजार मूल्यसमेत कम हुने सम्भावना रहन्छ । त्यसैले किसानलाई मौसमको पूर्वानुमानअनुसार काम गर्न र सम्भव भएसम्म छिटो बाली भित्र्याउन सुझाव दिइएको उहाँले बताउनुभयो। नगरपालिका क्षेत्रका ८५ प्रतिशत किसानले गहुँबाली भित्र्याइसकेका भए पनि १५ प्रतिशत जति किसानको बाली वर्षाका कारण प्रभावित भएको हुनसक्ने उहाँको भनाइ छ। रासस


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय गौर, रौतहटका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८२/१२/२६ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भई सक्दा पनि बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय गौर, रौतहटमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०२/०७ गते (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय गौर, रौतहटमा** दिनको ठीक ३ :०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिमअसुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरणः**

| | |
|---|---|
| **ऋणी : विजय कुमार मिश्र** (ना.प्र.नं. ११४६, जारी मिति २०५१/०८/१६ जि.प्र.का. रौतहट) । ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ५ (साविक कटहरिया गा.वि.स. वडा नं. ८) । बाबु : जीबछ मिश्र । बाजे : सत्यदेव मिश्र । | **जमानतकर्ता : सरोज देवी** (ना.प्र.नं.ना. २५४६, जारी मिति २०५६/११/२३, जि.प्र.का. रौतहट) । ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ५ (साविक कटहरिया गा.वि.स. वडा नं.८) । बाबु : कौशल किशोर पाठक । पति : विजय कुमार मिश्र । ससुरा : जीबछ मिश्र । |
| **जमानतकर्ता : प्रशान्त कुमार मिश्र** (ना.प्र.नं. ३२१०७०/३६३६, जारी मिति २०६८/०९/१७ जि.प्र.का. रौतहट) । ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ५ (साविक कटहरिया गा.वि.स. वडा नं. ८) । बाबु : विजय कुमार मिश्र । बाजे : जीबछ मिश्र । | **जमानतकर्ता : रानी कुमारी मिश्र** (ना.प्र.नं. ३२-०१-७६-०१७४४, जारी मिति २०७६/०२/२०, जि.प्र.का. रौतहट) । ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ५ । बाबु : विजय कुमार मिश्र । बाजे : जीबछ मिश्र । |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. सरोज देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला बसबिटी जिंगडीया गा.बि.स. वडा नं. ८, नक्सा सिट नं. ८, स्थित कित्ता नं. ३६३ को क्षेत्रफल ०-१-० (बिघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .........१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थीत कर्जा असुली विभाग वा **शाखा कार्यालय गौर, रौतहटबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थितकर्जा असुली बिभागमा र शाखा कार्यालय गौर, रौतहटमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

